**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछूत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन १२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७८


# टेन्डरविना करोडौंको योजना सञ्चालन

प्रस, वीरगंज, ११ फागुन/

मधेस प्रदेशमातहत रहेको जलस्रोत तथा विकास डिभिजन कार्यालय, वीरगंजले टेन्डरविना रु २० करोड बराबरको योजना वितरण गरिरहेको समाचार प्राप्त भएको छ । खरीद ऐनविपरीत सबै विकासका कार्य उपभोक्तामार्फत गराइरहेको पाइएको छ।

सो कार्यालयले यस वर्ष मात्र होइन हरेक वर्ष टेन्डरविना करोडौंको योजना सञ्चालन गरी उपभोक्तामार्फत मोटो कमिशन लिइरहेको समाचार स्रोतले जनाएको छ । स्रोत अनुसार योजना सञ्चालन हुने स्थानीय तहहरूमा पत्राचार गर्नेबित्तिकै माफियाहरूले कर्मचारीहरूलाई प्रलोभनमा पारी योजनाहरू हात पारिरहेका छन् । त्यतिमात्र हैन नाम उपभोक्ता समितिको तर काम चाहिं ठेकेदारहरूले नै गरिरहेका छन् ।





स्रोतका अनुसार पैसाको बलमा ठेकेदारहरूले योजना सञ्चालन हुने पालिकाहरूबाट केही नागरिकता प्रमाणपत्रहरू सङ्कलन गरी फर्जी उपभोक्ता समिति गठन गर्ने गरेका छन् ।

प्रदेश सरकारले पठाएको रकमलाई सही ठाउँको पहिचान गरी काम गर्नुपर्ने वा पालिकासँग सल्लाह नगरी सीधा नेताहरूको भनाइको आधारमा बजेटिङ गर्ने गरेका छन् ।

प्राप्त जानकारी अनुसार आपत्कालीन तथा बाढीपहिरो पुनर्स्थापनाको लागि ५० लाख, जगरनाथपुर छठघाट तटबन्ध निर्माणमा ५० लाख, ठाराब क्याम्पसनजीकैको श्रीसिया पुल, लाठमिलनजीक तटबन्ध निर्माणमा ३० लाख, वीरगंज-२४ मर्लैया-बहुअरी नहरसम्म नाला निर्माणमा ३० लाख, मर्लैया नदी नियन्त्रणमा ३० लाख, विन्ध्यवासिनी गापा-१ चन्द्रशेखर बरईको खेतनिर नदी नियन्त्रण गर्न ३० लाख, ढोङ्गही नदी नियन्त्रणमा ४० लाख, ओरिया नदी नियन्त्रणमा ३० लाख, सिंघाही नदी नियन्त्रणमा ३० लाख, सिक्टा नदी नियन्त्रणमा ३० लाख, झिङ्गेखोला नियन्त्रणमा २५ लाख, नवरङ्गिया नदी नियन्त्रणमा ४० लाख, मधुवाहा-भलुही नदी नियन्त्रणमा ३० लाख, श्रीसिया नदी नियन्त्रणमा ४० लाख, भेडाहा नदी नियन्त्रणमा ३० लाख, तिलावे नदी नियन्त्रणमा ३० लाख, चरखवा नदी नियन्त्रणमा ३० लाख, शिकारीवास नदी नियन्त्रणमा ४० लाख, अमुवा खोला नियन्त्रणमा २० लाख, भूताहा नदी नियन्त्रणमा २० लाख, वीरगंज मनपा बचावट कार्यमा २० लाख, ढुङ्गेखोला नियन्त्रणमा ठोरी-२ रु १५ लाख, जीराभवानी-१ को दिनेश थारूको खेतअगाडि नदी नियन्त्रणमा २५ लाख, गडौला सिंचाइ योजना पर्सागढीमा रु दुई करोड, पिपरहवा बाँध सिंचाइ योजना पटेर्वासुगौली-३ देकुलीमा रु दुई करोड, चमरीखोला सिंचाइ योजना जगरनाथपुर-१ मा ५० लाख, स्वीकृत आइएमपी अनुसार योजना मरम्मतमा एक करोड, रानीखोला सिंचाइ प्रणाली ठोरी-३ मा ३० लाख, वीरगंज-२४ स्थित मीरादेवी चाचानको घरदेखि देवलाल राउतको खेतसम्म नदी नियन्त्रणमा ३० लाख, बैरिया सिंचाइ योजना जीराभवानी-२ सेढवामा ३० लाख, जगरनाथपुर-६ पुल निर्माण मरम्मतान २५ लाख, राजखोला सिंचाइ योजना ठोरी-३ मा २५ लाख, मधुवाहा सिंचाइ योजना जगरनाथपुर २५ लाख, अमुवा सिंचाइ योजना ठोरी-१ मा ३५ लाख, मेघा खोला सिंचाइ योजना पर्सागढी-२ मा ३० लाख, जमुनिया सिंचाइ योजना जगरनाथपुर-३ मा दुई करोड ५० लाख, गाद दर्शनिया सिंचाइ योजना सखुवाप्रसौनी-१ सिद्धपुरमा ७५ लाख, सतह सिंचाइ सम्बन्धी अनुसन्धान परामर्श कार्यको लागि १० लाख रुपैयाँका योजनाहरू विनाटेन्डर सञ्चालन भइरहेका देखिन्छन् ।

प्रदेश सरकारमातहत रहेका वीरगंजका कार्यालयहरूमा मुख्यमन्त्री तथा अन्य मन्त्रीका प्रतिनिधिहरू कार्यालयमा पुगी प्रमुखहरूलाई विनाकारण दबाव दिन थालेपछि प्रमुखहरू बेपत्ता हुन थालेका छन् ।

स्रोतका अनुसार मुख्यमन्त्री कार्यालयबाट तीनजना व्यक्ति अहिले मातहतका कार्यालयहरूमा पुगी प्रमुखसँग सञ्चालित योजनाका केही प्रतिशत रकम माग गरेपछि प्रमुखहरु बेपत्ता भएको बताएका छन् ।

सम्बन्धित मन्त्रालय तथा सचिवलाई ठूलो रकम बुझाइ विकासे अड्डाहरूमा आएका प्रमुखहरूलाई मन्त्रीको मान्छे हुँ भन्दै भाग माग्न थालेको केही कार्यालय प्रमुखहरूले खुलेआम बताउन थालेका छन् ।

सम्बन्धित मन्त्रालयका वीरगंजका नेताहरू पनि प्रदेशमातहत कार्यालयहरूमा पुगी योजना सञ्चालन गर्नको लागि ठेक्काप । माग गर्दै दिनभरि कार्यालयमा बस्ने गरेको बुझिएको छ ।

कार्यालय प्रमुख श्यामकृष्ण सपहीले गैरजिम्मेवारी तरीकाले ठेक्काभन्दा उपभोक्ताको काम राम्रो हुने गरेको बताए । ठेक्का गर्दा समय बढी लाग्ने तर गुणस्तरीय कार्य नहुने गरेकोले उपभोक्तामार्फत कार्य भइरहेको जानकारी गराए । उपभोक्ता समितिले कमिशनबापत चेक दिने गरेको आफूलाई थाहा नभएको प्रतिक्रिया दिए ।

स्रोत भन्छन्, केही उपभोक्ता समितिसँग रकम नभएकाले समितिको खाली चेक कर्मचारीलाई नदिएसम्म भुक्तानी नदिने गरेको तथा खातामा समेत पैसा नहाल्ने गरेको बताएका छन् । उपभोक्ता समितिको काम ठेकेदारले काम गर्दा सीधा कमिशन आउने गरेको स्रोतले दाबी गरेका छन् ।

टेन्डर गर्दा बढाबढमा, काम पैसामा बढी हुने गरेको छ । राज्यको पैसा पनि बच्ने तथा मितव्ययिता पनि हुने खरीद ऐनमा उल्लेख छ । नेपालमा अहिले आर्थिक सङ्कट बढ्दै गएपछि बजेट अभावको कारण राज्यले अधिकांश बजेट कटौति गरेको सबैलाई थाहा भएको कुरा हो । अर्थ मन्त्रालयले केही समयअगि सबै सरकारी अड्डाहरुमा पत्राचार गर्दै खर्च कम गर्न निर्देशनसमेत गरेको छ । यो अवस्थामा सो कार्यालयले यस्तो कार्य गरिहेकोमा वीरगंजका निर्माण व्यवसायीहरुले आपत्ति जनाएका छन् ।

# पोखरिया नपामा प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर विवाद

प्रस, वीरगंज, ११ फागुन/

पोखरिया नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर



पोखरिया नगरपालिका।तस्वीर: फाइल

फेरि विवाद शुरू भएको छ । २०७४ सालदेखि स्थानीय तह सञ्चालनमा आएसँगै पोखरिया नपामा अहिलेसम्म ११ जना प्रमुख प्रशासकीय अधिकृतहरूको सरुवा भइसकेको छ ।

नगरपालिकामा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन अनुसार उपसचिवले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गर्ने व्यवस्था छ तर अहिलेसम्म पोखरियामा दुईजना उपसचिव मात्र प्रमुख प्रशासकीय अधिकृत भई आए पनि उनीहरू पनि दुई महीना नबित्दै सरुवा लिएर गएको देखिन्छ ।

उपसचिवहरू शिव रेग्मी र सहदेव रायमाझी पोखरिया नपाको प्रमुख प्रशासकीय अधिकृत भएका थिए । उनीहरू दुई/तीन महीनाकै अवधिमा सरुवा गराएर अन्यत्र गए । त्यसपछि अहिलेसम्म नौजनाले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर पोखरिया नपाको जिम्मेवारी सम्हालेका थिए ।

निमित्त भएर जिम्मेवारी सम्हालेकाहरूमा रामबाबु चौरसिया, अशोक भट्टराई, नन्दकिशोर यादव, नाथु साह, धर्मराज थापा, अमित गिरी, सन्देश यादव, अशोक रौनियार र अजय श्रीवास्तव छन् । श्रीवास्तव डेढ महीना अगाडि स्वास्थ्य विभागबाट पोखरिया नपाको निमित्त प्रमुख प्रशासकीय अधिकृतमा सरुवा भएर आएका हुन् । अहिले विभागले उनको ठाउँमा उपसचिव धर्मानन्द जोशीलाई पठाएको छ । जोशी बुधवार फागुन १० गते पोखरियामा हाजिर भए । उनी हाजिर भएकै दिन नगरप्रमुख प्रद्युम्न चौहानसमेतको टोली राजधानी काठमाडौं गएको थियो ।

पोखरिया नपाका विभिन्न समस्याका साथै प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर पनि टोली काठमाडौं गएको बुझिन आएको छ ।

यसअघि नगर कार्यपालिकाको बोर्ड बैठकले अजय श्रीवास्तवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा पोखरिया नपामा ल्याउने निर्णय गरेको थियो । उनले डेढ महीना पनि काम गर्न नपाउँदै विभागले धर्मानन्द जोशीलाई पठाएपछि नगरप्रमुखलगायत कार्यपालिका सदस्यहरूले चित्त दुखाएका छन् ।

# सात महीनामा ३२१ जनाले ज्यान गुमाए

प्रस, जीतपुर, ११ फागुन/

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयाले सात महीनामा एक हजार ४०० जना सवारी चालकसँग रु ११ लाख ३७ हजार जरिवाना असुल गरेको सूचना अधिकृत प्रहरी निरीक्षक सुशील आचार्यले बताएका छन् ।

उनले कसूरबमोजिम पटके जरिवाना रु पाँच सयदेखि पाँच हजारसम्म असुल गरिएको उनले बताए ।

आव २०७९/८० को साउन-माघ सात महीनामा २३२ बस, मिनी बस, सुमोका चालकसँग एक लाख ९७ हजार, ७२२ निजी कार, जीपका चालकसँग पाँच लाख ५७ हजार, २१९ मोटरसाइकलका चालकसँग एक लाख ४० हजार, २४४ वटा ट्रक, टिपर, ट्याक्टरका चालकसँग दुई लाख ४१ हजार गरी रु ११ लाख ३७ हजार जरिवाना गरिएको छ ।



तस्वीर: सौजन्य

यस अवधिमा तीन हजार ३४१ पटक दुर्घटना हुँदा ३२१ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा २९ जना बालबालिका, २३८ जना पुरुष र ५४ जना महिला रहेको प्रहरी नायब निरीक्षक सुरेन्द्र कोइरालाले बताए ।

# होलीअगावै बोइलरको दाम बढ्यो



तस्वीर: प्रतीक

प्रस, वीरगंज, ११ फागुन/

हिन्दूहरूको महान् पर्व होली यही फागुनको अन्तिम सातामा परेको छ । होली आउनुअगावै वीरगंजमा बोइलर कुखुराको दाम बढाइएको छ ।

दुई दिनअघिसम्म प्रतिकिलो रु २८० मा बिक्री भइरहेको बोइलर कुखुराको मासु मङ्गलवारदेखि रु ३६० मा बिक्री भइरहेको छ ।

वीरगंजमा बोइलर कुखुराको मासुको मूल्यमा एकरूपता छैन । मूल्य बढ्नुअघि २६० देखि ३०० रुपैयाँसम्ममा बिक्री भइरहेको थियो । अहिले एक्कासि मूल्य बढेर रु ३६० पुगेको छ ।

एकजना बोइलर कुखुरा व्यवसायीले फागु पूर्णिमासम्म बोइलर कुखुराको मूल्य चार सयसम्म पुग्ने बताएका छन् ।

यसपालि फागु पूर्णिमा तराईमा फागुन २३ गते मङ्गलवार परेको छ तर सो दिन फागु खेलिंदैन । भोलि बुधवार फागु पूर्णिमा मनाइन्छ । मङ्गलवार तराईमा अधिकांश मानिसले मासु नखाने हुँदा भोलिपल्ट बुधवार फागु मनाउन लागिएको हो ।

वीरगंजमा खसीको मासुको मूल्यमा पनि एकरूपता छैन । प्रतिकिलो एक हजारदेखि ११०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ ।

## विचारसार र सूक्तिहरू

**नेतृत्वको सबैभन्दा राम्रो गुण भनेको समस्या आइलाग्नु अघि नै त्यसको पहिचान हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# काङ्ग्रेसको ढोक्से

**फागुन २५ गते राष्ट्रपतिको निर्वाचन हुँदैछ । हालसम्मको अवस्थालाई हेर्दा नेकपा एमाले र नेपाली काङ्ग्रेसले राष्ट्रपति पदमा उम्मेदवारी दिने तयारी देखिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अध्यक्ष रहेको पार्टी नेकपा माओवादी केन्द्र भने एमाले पक्षलाई समर्थन नगरी नेपाली काङ्ग्रेसको उम्मेदवारलाई समर्थन गर्ने मनस्थितिमा पुगेको छ । मुलुकका तीन ठूला दल एकले अर्कालाई मूर्ख बनाउने र राष्ट्रपति चुनावलाई राजनीतिक फाइदा उठाउने अवसरको रूपमा प्रयोग गर्न चाहिरहेका छन् । गत पुस १० मा प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा एमालेले राष्ट्रपति र सभामुख लिने सहमति भएको थियो । सोही सहमति अनुसार एमाले राष्ट्रपतिमा उम्मेदवारी दिने तयारीमा थियो । तर प्रधानमन्त्री प्रचण्ड उक्त सहमतिबाट पछि हट्दै राष्ट्रिय सहमतिको नारा अगाडि सारेपछि एमालेले पनि आफ्नो उम्मेदवार नदिएर आफ्नो समर्थन हुने गरी नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपतिमा प्रस्ताव गरिरहेको छ । सत्ता गठबन्धन दल एक ठाउँमा रहे एमाले पक्षले सहजै चुनाव जित्न सक्ने आकलन एमालेको हो । प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि माओवादीको मन काङ्ग्रेसतर्फ फर्किएको छ । माओवादीले सघाउने अपेक्षासहित राष्ट्रपतिमा काङ्ग्रेसले आफ्नो उम्मेदवार उठाउने र जिताउने दाबी गरेको छ ।**

**राष्ट्रपति चुनावको लागि माओवादी निर्णायक शक्ति हो । जता माओवादीले मतदान गर्‍यो, उतैकाले राष्ट्रपति जित्नेछन् । एमालेलगायत सत्ताका साना दलहरू एकातर्फ भएपनि माआवादीले अर्कोतर्फ मतदान गरेमा एमाले पक्षले राष्ट्रपतिमा जित्न सक्दैन । माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष ओलीको प्रस्ताव बाझिन गएको छ । यसले सत्ता गठबन्धन फुटको सङ्घारमा पुगिसकेको छ । राजनीतिका चतुर खेलाडी मानिएका ओलीले यही अवस्था देखेर नै समाजवादीका अध्यक्ष नेपाललाई अगाडि सारेका हुन् । नेपाल राष्ट्रपति बने पार्टी एकीकरण गरेर ठूलो पार्टी बन्ने, नेपाल राष्ट्रपतिमा पराजित भएपनि माओवादी र काङ्ग्रेसबाट समाजवादीलाई अलग्याएर भएपनि ठूलो पार्टी बनाउने ओलीको योजना छ । यसो भयो भने वर्तमान सरकारलाई सत्ताबाट खसालेपछि संविधानतः ठूलो पार्टीको मौका आउँछ । यसरी बनेको सरकारले विश्वासको मत नपाए उसैको नेतृत्वमा मध्यावधि चुनाव हुन्छ । त्यसैले माधव नेपाल ओलीको पक्षबाट उम्मेदवार बनेर चुनाव जिते या हारे भने पनि प्रचण्डले खतरा देखेका छन् ।**

**माधव नेपाललाई राष्ट्रपति चुनावको दौडबाट पछाडि हटाउनु र सरकारको निम्ति नेकाको समर्थन कायम राख्नु यतिबेला प्रधानमन्त्री प्रचण्डको एकमात्रै उद्देश्य हो । एमालेसँगको गठबन्धन भत्किएमा आफूले पाँचै वर्ष सरकार चलाउन पाउने सपना उनको छ । पुस १० मा माओवादी केन्द्र र एमालेबीच भएको सहमति राष्ट्रपति चुनावमा कार्यान्वयन नभएमा सत्ता सहकार्य भत्कने एमालेले चेतावनी दिइसकेको छ । माओवादीको यही चालले निरन्तरता पाएमा नेकाको ढोक्से भरिने लगभग निश्चित देखिन्छ । नेकाले राष्ट्रपति जिते एमाले वा एमाले पक्षधरले सरकारको समर्थन फिर्ता लिन्छ । त्यति बेला विश्वासको मत लिन नसके ठूलो पार्टीको हैसियतले नेकाको सरकार बन्छ । उसो हो भने नेकाले ओलीको सहकार्यमा अर्को चाल चल्छ । त्यो चालले फेरि काङ्ग्रेसकै ढोक्से भरिन्छ ।**

# राष्ट्रपतिमा विवादरहित अनुहारको खोजी

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**पदविना बाँच्न नसक्ने र विपक्षमा बस्न नचाहने मनोरोगका कारण नेपालका राजनीतिज्ञहरू ५ वर्षसम्म सडकमा आन्दोलन गर्न सक्दैनन्, न चुप लागेर नै बस्न सक्छन् । सडक प्रदर्शन गरेर भए पनि मिलीजुली सरकारको संरचना ल्याउने परिस्थिति उत्पन्न गर्नेछन् ।**

यसै महीना हुने राष्ट्रपति निर्वाचनको विषयले व्यापक चर्चा पाएको छ । यसभन्दा अघिका तीन चुनावमा राष्ट्रपति पदको निर्वाचन त्यति बढी चर्चामा हुँदैनथ्यो तर यसपालि सत्तापक्ष र प्रतिपक्ष दुवैले यसलाई प्रतिष्ठाको विषय बनाएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीका कतिपय निर्णय विवादित नभएका भए सम्भवतः यस चुनावप्रति पनि देश र विदेशको आँखा केन्द्रित हुने थिएन । अङ्कगणितको हिसाबले सत्ताधारी गठबन्धनबीच सामञ्जस्य र मतैक्य रहेमा सत्ताधारी गठबन्धनको उम्मेदवार नै राष्ट्रपति बन्ने निश्चित छ तर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जसरी राष्ट्रिय सहमतिको कुरा गरिरहेका छन् यसबाट नयाँ राष्ट्रपति सत्ताधारी गठबन्धन बाहिरबाट पनि हुन सक्ने सम्भावना विकसित भइरहेको छ । नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली चतुर राजनीतिक खेलाडी हुन् र उनले एकपछि अर्को नाम अघि सार्दै गैरएमाले समूहमा मतभिन्नता र विवाद ल्याउने प्रयास गरिरहेका छन् । नयाँ राष्ट्रपतिमा दाबेदारी गर्नेहरूको सङ्ख्या एक दर्जन नाघिसकेको छ । नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले आफ्नो ब्रह्मास्त्रको रूपमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको नाम राष्ट्रपतिको उम्मेदवारका रूपमा अघि सारेका छन् । उनको यस प्रस्तावले स्वयं माधवकुमार नेपाल पनि आश्चर्यचकित भए होलान् तर उनको नामको प्रस्ताव ओलीबाट आएका कारण नेकपा माओवादी केन्द्र र नेपाली काङ्ग्रेसलाई सशङ्कित बनाएको छ । अब त राजा ज्ञानेन्द्रको नाम पनि नयाँ राष्ट्रपतिको उम्मेदवारको रूपमा आउन थालेको छ । राजा ज्ञानेन्द्रका निजी सचिव फणीन्द्रराज पाठकले देशका राजनीतिक दलहरूबीच सहमति भए राजा ज्ञानेन्द्र पनि नयाँ राष्ट्रपतिका लागि उपयुक्त उम्मेदवार हुन सक्ने प्रस्ताव गरेका छन् । राष्ट्रपति पदका लागि नामाङ्कन दर्ता नहुन्जेल अनेकौं नाम चर्चामा रहनेछन् । स्वतन्त्र एवं निष्पक्ष छविका व्यक्तिलाई राष्ट्रपतिमा अघि सारिए यो बढी लाभदायक हुने थियो । भ्रष्टाचारको आरोप लागेका र कुनै पनि किसिमका आरोप लागेका अथवा पार्टीका प्रतिबद्ध कार्यकर्तालाई उम्मेदवार बनाउनु भरसक उपयुक्त नहोला ।

राष्ट्रपति विद्यादेवी भण्डारीको अनपेक्षित राजनीतिक सक्रियता र कार्यशैलीका कारण नै स्वतन्त्र, निष्पक्ष र सबैको निम्ति स्वीकार्य अनुहारको खोजी भइरहेको छ । नयाँ राष्ट्रपतिको उम्मेदवार आफ्नै पार्टीको अथवा आफूले प्रस्ताव राखेको व्यक्ति नै हुनुपर्ने ओलीको अडानले सहमतीय उम्मेदवारको बाटोमा ठूलो अवरोध उत्पन्न गरिरहेको छ । उनी एकपछि अर्को नाम अघि सार्ने गरेका छन् । त्यो पनि कसैको सहमति र विचार विमर्शविना नै । गणतान्त्रिक कालखण्डको एक दशक पनि व्यतीत नहुँदै संवैधानिक भूमिकामा रहने राष्ट्रपतिको पदलाई स्वयं गणतान्त्रिक कित्ता अर्थात् संविधानका पक्षधर शक्तिहरूबाटै विवादमा ल्याउने काम भएको देखियो । संविधानको पालना र संरक्षणाको जिम्मेवारी बोकेको राष्ट्रप्रमुखको यस गरिमामय पदलाई दाउमा राखेर सत्ताप्राप्ति र औपचारिकताका लागि जुनसुकै हर्कत गर्ने जुन प्रतिस्पर्धा चलेको छ त्यो दुर्भाग्यपूर्ण हो । नेपालको राष्ट्रपति नेपाली सेनाको परमाधिपति पनि हो तसर्थ यस गरिमामय पदको, दूषित मनसायका साथ आफू अनुकूल व्यक्ति भर्ती गरेर, मानमर्दन गर्न खोज्नु उचित होइन । राष्ट्रपति पद निजी सम्पत्ति ठानेर जथाभावी प्रयोग गर्न सकिने मानसिकता राखेका दलहरू नै राजनीतिक अस्थिरताका मूल कारण बन्दै गएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीका कतिपय निर्णय विवादित थिए । खासगरी संसद्का दुवै सदनले दोस्रोपटक पठाएको नागरिकता विधेयक स्वीकृत नगरेर र सरकारले पठाएको अध्यादेश पनि अस्वीकार गरेर संविधानको मर्म विपरीतको काम भएको थियो । संसद्को सामना नै नगरी चुनावमा जाने बाटो हालको संविधानविपरीत भएको तथ्य देशको सर्वोच्चले पनि प्रमाणित गरिसकेको छ । केपीशर्मा ओली सरकार अल्पमतमा भएको जानेर पनि उनकै सिफारिशमा मध्यरातमा संसद् विघटन गर्ने काम गलत थियो । सर्वोच्च अदालतले नामै तोकेर प्रधानमन्त्री नियुक्तका लागि निर्णय गर्नु राष्ट्रपतिको नैतिक पराजय थियो । राष्ट्रपति विद्यादेवी भण्डारीमाथि त महाअभियोग लगाउनेसम्मका विषय पनि चर्चामा आए । राष्ट्रपति विद्यादेवी भण्डारीको भूमिका विवादित हुनुको ठूलो कारण उनको सक्रियता कुनै खास दलको पक्षमा लिने गरिएको निर्णय नै थियो । कतिपय मामिलामा उनको निर्णयले नै उनलाई देशको संविधानभन्दा माथि भएको जस्तो सन्देश प्रवाहित गर्ने काम गर्‍यो । राष्ट्रपति विद्यादेवी भण्डारीको पनि पहिलो कार्यकाल विवादरहित नै थियो । सम्भवतः यिनै कारणले होला, दोस्रोपटक पनि उनको नाममा विवाद भएको थिएन । कतिपयले प्रथम राष्ट्रपति डा रामवरण यादवको एउटा निर्णयलाई पनि विवादित ठान्ने गरेका छन् तर तत्कालीन परिस्थितिमा देशको गौरवशाली सैन्य परम्परा कायम राख्न त्यो आवश्यक पनि थियो । तीन महीना मात्र जागीर रहेको व्यक्तिलाई पदबाट हटाउनु उचित नहुने सुझाव सल्लाह देशका प्रायः सबैजसो दलहरूको थियो । तत्कालीन प्रधानसेनापति रूक्माङ्गद कटुवाललाई पदबाट हटाउनु उचित नहुने सुझाव प्रायः सबैजसो दल थियो । सैनिक संरचनाको सङ्गठन परम्परा र गौरवशाली इतिहासलाई कायम गर्न तत्कालीन राष्ट्रपतिलाई त्यस्तो गर्नु आवश्यक पनि थियो । गलत भएका भए त्यो विषयलाई अदालतमा पनि लग्न सकिन्थ्यो तर त्यसो भएन ।

नेपालमा कतिपय व्यक्तिहरू यस्ता पनि छन् जो प्रत्यक्षरूपमा जनताको मतबाट निर्वाचित भएर राष्ट्रपति भएपछि देशमा राजनीतिक स्थायित्व कायम हुनुका साथै देशको राजनीतिमा देखिएका अनेकौं विकृतिहरू पनि धेरै मात्रामा हट्ने थियो भन्ने विश्लेषण गरेका छन् । तर त्यस्तो राय राख्ने दलका नेता वा अन्यले पनि नेपालको राजनीतिक पृष्ठभूमि, परिवेश वा राजनीतिक संस्कारतिर ध्यान दिएको पाइँदैन । एकाधिकारवादीको आचरणाको बिगबिगी, खण्डित राजनीतिक संस्कार, व्यक्तिवाद र सस्तो लोकप्रियतावादले सकारात्मक अभ्यास गर्ने परिपाटी हाम्रो देशमा नबसेकोले राष्ट्रपतीय प्रणाली अधिनायकवादमा रूपान्तरण हुन सक्ने सम्भावना धेरै रहन्छ । राष्ट्रपति वा अर्ध-राष्ट्रपति प्रणालीका कतिपय देशमा आज राष्ट्रपति तानाशाह भएका जनताले त्यस्ता राष्ट्रप्रतिविरुद्ध आन्दोलनको शङ्खनाद गरेका र राजनीतिक अनिश्चितता बढाएका उदाहरण चारैतिर पाउन सकिन्छ ।

नेपालजस्तो देशमा जहाँ प्रत्येक राजनीतिक दलको एकमात्र अभीष्ट सत्ताप्राप्ति नै रहेको हुन्छ तथा येनकेन प्रकारेण शासन सत्तामा पुग्ने मात्रै सोच रहेको हुन्छ, त्यस देशमा कार्यकारी अधिकारसहितको राष्ट्रपति बनाइए देशमा बाह्रै महीना बन्द, हडताल, आन्दोलन र उपद्रवका घटनाहरू भइरहने छन् । विगत १५ वर्षदेखि नेपालको राजनीतिमा सहमति शब्दले व्यापक महत्त्व पाएको छ । सहमतीय राजनीतिको नाममा केवल सत्ता र पदको भागबण्डा मात्रै हुँदै आएको छ । कोही पनि पदविना बाँच्न नसक्ने र विपक्षमा बस्न नचाहने मनोरोगका कारण नेपालका राजनीतिज्ञहरू ५ वर्षसम्म सडकमा आन्दोलन गर्न सक्दैनन्, न चुप लागेर बस्न नै सक्ने छन् । सडक प्रदर्शन गरेर भए पनि मिलीजुली सरकारको संरचना ल्याउने परिस्थिति उत्पन्न गर्नेछन् ।

कार्यकारी अधिकारको बाँडफाँडले पनि समस्याको समाधान गर्ने छैन । सन् १९८०-९० को दशकमा अफगानिस्तानमा राष्ट्रपति र प्रधानमन्त्री दुवैमा कार्यकारी अधिकार थियो । अधिकारकै विषयलाई लिएर विवाद हुँदा देशको सेना पनि विभाजित भयो । तत्कालीन राष्ट्रपति रब्बानीका वफादार सेनाले प्रधानमन्त्री गुलबुद्दिन हिकमतयारको कार्यालय तथा निवासमा गोली बर्साउँथे । जबकि प्रधानमन्त्रीको सेना राष्ट्रपतिको निवास र कार्यालयमा गोली बर्साउँथे । राजा जाहिर शाहको शासन समाप्त गरी सोभियत सङ्घले कम्युनिस्ट शासनलाई देशमा स्थापित गरेको थियो । जबकि कम्युनिस्ट शासन हटाउन अमेरिकाले धार्मिक अतिवादीहरूलाई अघि सारेको थियो । अलकायदा र तालिबानलाई शुरूमा अमेरिकाले नै समर्थन गरेको थियो । राष्ट्रपति र प्रधानमन्त्रीको मुठभेडका कारण तालिबानीहरूले शासन सत्तामा कब्जा जमाए । तसर्थ राष्ट्रपति र प्रधानमन्त्री दुवैमा कार्यकारी अधिकार हुँदा अनावश्यक विवाद हुन्छ । अनावश्यक भ्रम र सिर्जना छर्ने काम ठीक होइन । नयाँ राष्ट्रपतिको उम्मेदवार राष्ट्रिय सहमतिकै आधारमा भएको राम्रो ।

# 'कक्षा छ, कोठा तीन : थपिंदै दुःखका दिन'

जनकपुरधाम, ११ फागुन/रासस

धनुषाको जनकपुरधाम उपमहानगरपालिका-८ दशरथ नगरस्थित श्री राष्ट्रिय प्राविमा शिशुदेखि कक्षा ५ सम्म पढाइ हुन्छ । तर यहाँ पठनपाठनका लागि तीनवटा मात्रै कक्षाकोठा छन् ।

एउटै कक्षाकोठामा फरक-फरक दुई कक्षाका विद्यार्थी राखेर पठनपाठन गर्नुपर्दा गुणस्तरीय सिकाइमा निकै समस्या भइरहेको छ भने विद्यार्थी सङ्ख्या पनि बर्सेनि घट्दै छ ।

एकातिर कक्षाकोठाको अभाव, त्यसैमा भएकै संरचनाको पनि उचित व्यवस्थापन नहुँदा यो विद्यालय संरक्षकको अभावमा बेवारिसे छोडिएको कुनै संरचनाजस्तै लाग्छ । विद्यालय हो भन्ने ठम्याउन पनि प्रवेशद्वार अड्याउनका लागि बनाइएको पर्खालको भित्तामा लेखिएको विद्यालयको नामको सहारा लिनुपर्ने अवस्था छ । उपमहानगरपालिकाकै मुटु भागमा रहेको यो विद्यालय विसं २०५७ देखि सञ्चालनमा छ ।

विसं २०६६ देखि सरकारी मान्यता पाएर जेनतेन अहिलेसम्म सञ्चालनमैं रहे पनि भौतिक पूर्वाधार व्यवस्थापनमा ध्यान नदिंदा यहाँ विद्यार्थी जोगाउनसमेत धौधौ छ । विज्ञान विषयकी शिक्षिका सुनीताकुमारी चौधरीले विद्यालयको



तस्वीरः रासस

भौतिक सुधार हुन नसक्दा अहिले नजीकका अभिभावकले विकल्प खोज्न थालेको बताइन् । कक्षाकोठाको अभाव, सडकसँगै जोडिएर पनि घेरा पर्खाल नहुँदाको असुरक्षा, फोहरमैला जस्ता विभिन्न कारणले अहिले विद्यार्थी पाउन मुश्किल भएको उनले बताइन् ।

शिक्षिका पिङ्की कुमारीले उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमैं भएर पनि भौतिक संरचनाको अभावले विद्यार्थीलगायत शिक्षक, शिक्षिकालाई पठनपाठन गर्न निकै कठिनाइ भइरहेको गुनासो गरिन् । "एउटा कक्षाको विद्यार्थीलाई पढाउँदा अर्कोले त्यही कोठामा बस्नुपर्छ, त्यो समय अर्को साथीले पढाउने कुरा पनि भएन," उनले भनिन्, "यस्तो समस्या वर्षौंदेखि छ, विद्यार्थी र हामी पनि निराश छौं, समयको बर्बादी र गुणस्तरीय सिकाइमा समस्या भइरहेको छ ।"

विद्यालयका प्रधानाध्यापक विन्देश्वर दासले पनि यसरी पढाउन थालेको वर्षौं भएको जानकारी दिए । "एउटै कक्षामा फरक-फरक दुई कक्षाका विद्यार्थी राखेर पढाउन थालिएको वर्षौं भइसक्यो, के गर्नु बाध्यता यस्तै छ," उनले भने, "विद्यालयको आम्दानी छैन, अरूलाई भवन बनाएर सहयोग गरिदिन भनेको वर्षौं भइसक्यो तर कसैले सुनेनन्, अब त थाकिसकें ।"

कुनै बेला एउटै कक्षामा दुई सयसम्म विद्यार्थी हुने यस विद्यालयमा अहिले छवटा कक्षामा भर्ना हुने विद्यार्थीको सङ्ख्या जोड्दा करीब एक सय मात्रै छ । तर ती सबै विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुँदैनन् । तथ्याङ्क अनुसार विद्यालयमा कक्षा १ मा १७, कक्षा २ मा १६, कक्षा ३ मा १२, कक्षा ४ मा ६ र कक्षा ५ मा नौजना विद्यार्थी भर्ना छन् । शिशु कक्षामा भने ४० विद्यार्थी रहेको विद्यालयको अभिलेखमा देखिन्छ । यहाँ दुई स्थायी, दुई राहत र तीन बालविकासलाई पढाउने जनशक्ति तथा दुई सहयोगी गरी आठजना कर्मचारी छन् । नजीकै मुस्लिम धर्मावलम्बीको बसोबास रहेकाले यस विद्यालयमा भर्ना हुने कुल विद्यार्थीमध्ये पाँच/सातजनाबाहेक सबै सोही समुदायका बालबालिका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपाली उत्पादनको अनिवार्य उपयोग

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपाली उपभोगका लागि सम्पूर्ण वस्तु नेपालभित्रै उत्पादन गर्न किमार्थ सम्भव छैन । यो तथ्य हामीले बिर्सनुहुँदैन । तर केही वस्तु भारत र चीनभन्दा सस्तोमा उत्पादन गरेर चीन र भारतलगायत संसारका अन्य विभिन्न मुलुकमा बिक्री गर्न सक्छौं भन्ने आत्मविश्वास भने हामीले राख्नुपर्छ ।**

केही दिन पहिले (२०७९, फागुन ५) उद्योग मन्त्रालयले एउटा महत्त्वपूर्ण निर्णय सार्वजनिक गरेको थियो । उक्त निर्णयले सरकार मातहतका निकाय तथा आयोगहरूलाई, अतिथि सत्कार गर्दा तथा चियाचमेनाका लागि, अनिवार्यरूपमा नेपाली वस्तु खरीद र प्रयोग गर्न निर्देशन दिएको थियो । यसैगरी सो निर्णयले सरकारी एवं सार्वजनिक संस्थाहरूले आफ्नो उपयोगको लागि स्टेशनरी, फर्निचर, मेशिन, औजार आदि खरीद गर्दा ती वस्तु यदि नेपालमैं उत्पादन हुन्छ भने तिनै वस्तु खरीद गर्न निर्देशन दिएको थियो । उक्त निर्णयको सर्वाधिक महत्त्वपूर्ण पक्ष के थियो भने सो निर्णयले सरकारी संस्थाहरूलाई 'सार्वजनिक खरीद नियमावली २०६४, नियम १७' अनुसार सामग्री खरीद गर्दा विदेशी सामग्रीभन्दा १५ प्रतिशत महँगो भए पनि नेपाली सामग्री नै खरीद गर्न निर्देशित गरेको थियो । उक्त निर्णयका साथै नेपाली उत्पादकहरूलाई सरकारी एवं सार्वजिक निकायहरूमा आफ्ना उत्पादन सूचीकृत गर्न पनि अनुरोध गरेको थियो ।

उद्योग मन्त्रालयले महत्त्वपूर्ण निर्णय गरेर के गर्न खोजेको हो त्यसबारे चर्चा गरौं । उद्योग मन्त्रालय वा नेपाल सरकारको यो निर्णयको प्रकृति र आशय हेर्दा सरकार नेपाली उत्पादकहरूलाई प्रोत्साहित गर्न तयार रहेको देखिन्छ । नेपालमा उत्पादित वस्तु देशभित्र ठूलो सङ्ख्या र परिमाणमा खरीद एवं प्रयोग हुने वातारवरण तयार पार्न सरकार तत्पर रहेको देखिन्छ । साथै स्वदेशमा ठूलो सङ्ख्यामा उपभोग्य वस्तु उत्पादन गरेर आयातमुखी हुँदै गएको नेपाली अर्थतन्त्रमा सुधार ल्याउन प्रयासरत रहेको देखिन्छ ।

सरकारले उक्त निर्णयमार्फत गरेको अनेक व्यवस्थाको अध्ययन एवं विश्लेषण गर्दा यो सरकार नेपाली उद्योगहरूलाई संरक्षण दिन इच्छुक रहेको देखिन्छ । नेपाली उद्योगहरूको संरक्षण गर्नुपर्छ भन्ने उद्देश्य यो सरकारले राखेको तथा सो उद्देश्य हासिल गर्न विभिन्न योजना तथा कार्यक्रम निर्माण एवं कार्यान्वयन गर्न समेत तत्पर रहेको देखिन्छ । सरकारको यो प्रयासको प्रशंसा र स्वागत गर्नुपर्छ । यस्तो निर्णय सरकारले लोकप्रियता वृद्धिको लागि गरे तापनि हामीले यो कार्यको खुलेरै प्रशंसा गर्नुपर्छ । तर यो सरकार कति दिन टिक्ने हो त्यो विषय नेपाली उखानजस्तो छ । हात्ती आयो हात्ती आयो, फुस्सा...।

नेपालले उदार एवं बजार अर्थतन्त्र अवलम्बन गरेको सन्दर्भमा नेपाली उद्योगहरूलाई सरकारले नै संरक्षण दिन यस किसिमको व्यवस्था (नेपाली वस्तुहरू मात्र खरीद गर्नुपर्ने अनिवार्यता) गर्नु बजार अर्थतन्त्रको नीतिविपरीत हुन्छ । बजार अर्थतन्त्रमा यसरी स्वदेशी उद्योगहरूलाई संरक्षण दिन पाइँदैन। स्वदेशी उद्योगहरूले विदेशी उद्योग एवं वस्तुहरूसँग सस्तोमा वस्तु एवं सेवा उपलब्ध गराउन प्रतिस्पर्धा गर्नुपर्छ। बजारमा प्रतिस्पर्धा भएमा मात्र उपभोक्ताले सस्तोमा वस्तुहरू खरीद गर्न पाउँछ। सरकारले स्वदेशी उद्योगहरूलाई संरक्षण दिएमा देशभित्र केवल एक वा केही उद्योगहरूको एकाधिकार कायम हुन सक्छ । उपभोक्ता महँगीको बोझले थिचिन सक्छ ।

विश्वका दुई ठूला अर्थतन्त्र (चीन र भारत) बीच रहेको नेपालको अवस्थिति विशेष किसिमको छ । यी दुई ठूला अर्थतन्त्रले वस्तु र सेवाहरू सस्तोमा उत्पादन गर्छन् र ती वस्तु एवं सेवाहरूसँग नेपाली उत्पादकका वस्तु एवं सेवाहरूले प्रतिस्पर्धा गर्न सक्तैनन् । सक्ने स्थिति पनि छैन। चीन र भारतलाई 'स्तर लाभ' (Economies of Scale), तुलनात्मक लाभ (Comparative Advantages), पूर्ण लाभ (Absolute Advantages) जस्ता लाभहरू प्राप्त छन्। चीनले त एक्लै संसारभरि सर्वाधिक (करीब ९० प्रतिशत) दुर्लभ भूवस्तु (Rare Earth Materials) उत्पादन गर्छ र त्यसको आपूर्तिमा उसलाई एक किसिमको एकाधिकार प्राप्त छ । यस्तो स्थितिमा नेपालले चिनियाँ र भारतीय वस्तुसँग प्रतिस्पर्ध गर्नु लगभग असम्भव हुन पुग्छ। यो विशिष्ट कारणले गर्दा नेपालले आफ्ना उद्योगहरूलाई संरक्षण दिनु आवश्यक हुन पुग्छ। नेपालले आफ्ना उद्योगहरूलाई संरक्षण नदिए नेपाली उद्योगहरू धराशायी हुन पुग्छन्, जुन अहिले देखिएको छ। नेपालको वतर्मान औद्योगिक स्थिति पञ्चायतकाल जति पनि छैन । यो कारणले नेपालले केही उद्योगहरूलाई अनिवार्य संरक्षण दिनुपर्छ । नेपाली उद्योगहरूलाई संरक्षण दिने किसिमले उद्योग मन्त्रालयले ल्याएको यस नियमको स्वागत गर्नुपर्छ, ल्याउनेहरू (नीति निर्माता-दलका नेताहरू) को उद्देश्य र कार्यजस्तो भए तापनि ।

नेपाल विश्व व्यापार सङ्गठन (World Trade Organization) को सदस्य भए तापनि आफ्ना केही उद्योगहरूको संरक्षण भने गर्नुपर्दछ। र त्यस्तो अन्य राष्ट्रहरूले पनि गरेका छन्। स्मरण रहोस्, विश्व व्यापार सङ्गठनले स्वदेशी उद्योगहरूको संरक्षण कार्य आफ्नो नीतिविपरीत मान्दछ । तर नेपालको स्थिति विशेष किसिमको रहेको र दुई ठूला बजार (भारत र चीन) बीच चेपिएको हुनाले नेपालले केही स्वदेशी उद्योगहरूलाई संरक्षण गर्नु देशको हितमा हुन्छ ।

अब यस आलेखको मूल विषयतिर लागौं । स्वदेशी उद्योगको विकास एवं विस्तार गर्नका लागि नेपाल सरकारले, केही क्षेत्रहरूमा, नेपाली वस्तुहरू मात्र खरीद गर्नुपर्ने अनिवार्यता लागू गरेर नेपाली उद्योग एवं उत्पादकहरूलाई संरक्षण दिन खोज्नु राम्रो कुरा हो। तर यसभन्दा पनि राम्रो कुरा नेपाल सरकारले स्वदेशी उद्योग एवं उत्पादकहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु हो । नेपाली उत्पादकहरूले मुख्य गरी, चीन र भारतभन्दा सस्तो र स्तरीय वस्तु उत्पादन गर्न सक्ने वातावरण तयार पारिदिनु हो ।

नेपाली उत्पादकहरूले भारत र चीन भन्दा सस्तो वस्तु उत्पादन गर्न सके नेपाली वस्तुलाई संरक्षण दिनुपर्दैन। केवल नेपाली वस्तु मात्र उपयोग गर्न नेपाली उपभोक्तालाई निर्देशन दिनुपर्दैन। विभिन्न किसिमका वस्तु एवं सेवा नेपालभित्र सस्तोमा उत्पादन गर्न सक्नु नै हाम्रो लागि चुनौतीको विषय हो। यो चुनौतीको सामना हामी हाम्रो कुशल श्रम, प्रविधि र परिष्कृत ज्ञानको प्रयोग गरेर गर्न सक्छौं।

प्रविधि विकासमा हामीले जोड दिन आवश्यक छ। प्रविधि र श्रमको उचित र प्रभावकारी उपयोग कसरी गर्न सकिन्छ भन्ने ज्ञान हामी इजराइलको प्रगतिबाट लिन सक्छौं।

नेपाली उपभोक्ताहरूले उपयोग गर्ने सम्पूर्ण वस्तु नेपालभित्रै उत्पादन गर्न किमार्थ सम्भव छैन। यो तथ्य हामीले बिर्सनुहुँदैन। तर केही वस्तु हामीले भारत र चीनभन्दा सस्तोमा उत्पादन गरेर चीन र भारत लगायत संसारका अन्य विभिन्न मुलुकमा बिक्री गर्न सक्छौं भन्ने आत्मविश्वास भने हामीले राख्नुपर्छ । हामीमा त्यस्तो आत्मविश्वास हुन नितान्त आवश्यक छ।

'रेमिट्यान्समुखी' हुँदै गएको हाम्रो अर्थतन्त्रलाई निर्यातमुखी बनाउन हामीले सर्वाधिक महत्त्व दिनुपर्ने क्षेत्र हो, उत्पादन लागत र उच्च प्रविधिको प्रयोग। उच्च प्रविधि प्रयोग गरेर हामीले उत्पादन लागत कम पार्दै वस्तुको बिक्री मूल्य सस्तो पार्न सक्छौं साथै वस्तुको स्तरीयतामा पनि वृद्धि गर्न सक्छौं।

हाम्रो भविष्यको उद्देश्य र योजना उत्पादन लागत कम पारेर स्वदेशमा नै अनेक वस्तु उत्पादन गर्ने हुनुपर्दछ। यस परिप्रेक्ष्यमा नेपालका उद्योगहरूलाई संरक्षण दिने किसिमले स्वदेशी वस्तुको उपयोगमा जोड दिने नीति एवं निर्देशन समेत उद्योग मन्त्रालयबाट आउनुलाई सकारात्मक कदम मान्नुपर्छ र यसका लागि उद्योग मन्त्रालयलाई धन्यवाद दिनुपर्छ। कुनै बेला नेपाली उद्योगहरू नै ध्वस्त पार्ने अभियानमा लागेका पुष्पकमल दहाल र उनको नेतृत्वको सरकारले नेपाली उद्योगको संरक्षण गर्ने नीति ल्याउनुलाई सकारात्मक मान्नुपर्छ।

## चमेराको जीवनचक्र सङ्कटमा

-रामविकास चौधरी
लुम्बिनी, ११ फागुन/रासस

जैविक विविधताका लागि उपयोगी चमेराको जीवनचक्र सङ्कटमा परेको छ। यो उड्न सक्ने एकमात्र स्तनधारी प्राणी हो। मुन्टो तल पारी रूख, गुफा, घरका छाना आदि ठाउँमा झुन्डिएर रहेको देखिने चमेरो प्रजाति बिस्तारै हराउँदै गएको छ ।



पृथ्वीको खाद्यचक्र, पारिस्थितिकीय प्रणाली र वातावरण सन्तुलनका लागि निकै महत्त्वपूर्ण मानिने स्तनधारी प्राणीमध्येको एक प्रजाति चमेरा लोपोन्मुख अवस्थामा पुगेकोमा चमेरा संरक्षणकर्ता चिन्तित बन्न थालेका छन्। कपिलवस्तुका चमेरा संरक्षणकर्ता शम्भु सैनी भन्छन्- "चमेरो कुकुर, बिरालो, खरायो, स्याल, बाँदर वा मान्छेजस्तै एउटा स्तनधारी प्राणी हो । बिस्तारै यो लोप हुँदै जाँदा जैविक विविधतामा समस्या आउन थालेको छ।" पर्यावरणका लागि हितकर यस्ता जीव लोप भएमा अनेक समस्या आउन सक्ने उनको भनाइ छ ।

चमेरो संरक्षण समिति कपिलवस्तु नगरपालिका-३, देवानगढियाँका अध्यक्षसमेत रहेका सैनी भन्छन्- "चमेरोले लगाएका गुन त खासै थाहा छैन। तर चमेराले पर्यावरणीय सुरक्षा र विपद् पूर्वको सङ्केत अवश्य गर्छ ।" नेपालका जीव वैज्ञानिकहरू चमेरो अनुसन्धानमा नलागेका पनि होइनन् । तर प्रोत्साहन र उचित कदरको खाँचो छ। चमेरो संरक्षणका लागि एक हेक्टर वनमा अभ्यास शुरू गरिएको उनले बताए।

पोथी चमेरोले बच्चा जन्माउँछ, बच्चालाई दूध चुसाउँछ । चमेराको जीउमा भुत्ला हुन्छ तर प्वाँख हुँदैन । बच्चालाई गुँडमैं छोडेर पोथी चमेरो अथवा आमा चमेरो एक्लै उडेर कतै जाँदैन। पोथी चमेराले आफ्नो बच्चालाई आफ्नो जीउमैं बोकेर उड्ने गर्छ भने बच्चा चमेरालाई आमाको जीउमा टाँसिएर बस्नुपर्ने हुन्छ। चमेराहरू खुट्टाका नङ्ग्राले रूखका हाँगा वा गुफाका चट्टानलाई च्यापेर झुन्डिन्छन् । तर दिसापिसाब गर्दा, भाले लाग्दा वा बच्चा पाउँदा भने हातका नङ्ग्राले च्यापेर बस्दछन्। त्यस अवस्थामा तिनको मुन्टो माथितिर फर्केको हुन्छ ।

दि न्युयोर्क टाइम्स (२०१८ को अप्रिल १७) मा प्रकाशित एक लेखमा चमेरो बारे उल्लेख गरिएको छ । लेखमा चमेरोको स्वरूप र स्वभाव कौतूहलपूर्ण रहेको र यसको पर्यावरणीय महत्त्वका व्याख्या गरिएको छ । चमेराको तीखो कोणाकारका पखेटाहरू हेर्दा झन्डै मानिसको हात र पाखुराजस्तै देखिन्छ। चमेरो एउटा यस्तो जीव हो, जो स्तनधारी भइकन पनि आकाशमा उड्न सक्छ। चमेराको आकार चङ्गा जस्तै हुने भएकोले यसलाई आकाशमा सजिलैसँग उड्न मदत पुग्दछ।

चमेराहरू विभिन्न रङ्का हुन्छन्। विशेषगरी यिनीहरू कालो र खैरो रङका हुन्छन् तर केही चमेरा पहेंला चम्किलो, चाँदी, सुन्तलालगायत विभिन्न रङका पनि पाइन्छन् । "रातिमा मात्र सक्रिय हुने चमेराले कृषिका लागि हानिकारक कीरा खाएर बालीनाली जोगाउन सहयोग पु-याउँछ"-वन्यजन्तु विशेषज्ञ डा हेमसागर बराल बताउँछन्।

चमेराको दुई प्रकारका वर्गीकरण गरिएको छ। एउटा मांसाहारी र अर्को फलाहारी । मांसाहारी चमेरो कीरा, फट्याङ्ग्रा मात्र खाएर जीवन निर्वाह गर्दछ भने फलाहारी चमेरो फलफूल खाएर जीवन निर्वाह गर्दछ। आकारमा मांसाहारीको तुलनामा फलाहारी चमेरो अलिक ठूलो हुन्छ। मांसाहारी चमेरोको सङ्ख्या ७० प्रतिशत छ भने ३० प्रतिशत फलाहारी चमेरा रहेको बताइन्छ।

वन्यजन्तु विशेषज्ञ डा बरालका अनुसार विश्वमा १४०६ प्रजातिका चमेरा पाइन्छ । नेपालमा पछिल्लो तथ्याङ्क अनुसार ५५ प्रजातिका चमेरा भेटिएको छ। संसारमा ७० प्रतिशत मांसाहारी र ३० प्रतिशत शाकाहारी चमेरा भेटिएका छन् । "चमेरो पर्यावरण र जैविक विविधताको दृष्टिकोणले निकै उपयोगी जीव हो । यसले वन जङ्गल जोगाउन र बीउबिजन परागसेचन गरेर फूललाई परागसेचन गर्नसमेत मदत गर्छ"-डा बरालले बताए।

चमेरा पर्यावरण र जैविक विविधताको दृष्टिकोणले उपयोगी जीव मानिन्छ। खासगरी फलाहारी चमेराले वनजङ्गल जोगाउन र बीउबिजन परागसेचन गरेर फूलहरूको परागसेचन गर्नसमेत मदत गर्दछ। त्यसैगरी मांसाहारी चमेराले मानिस र अन्नबालीका लागि हानिकारक मानिने कीरा खाएर मदत पुऱ्याइरहेको हुन्छ। एउटा चमेरोले एक रातमा दुई हजारदेखि छ हजारसम्म कीरा खाएर बाली संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ । यसको मल प्राङ्गारिक मलका लागि उत्कृष्ट मानिन्छ। लटरम्म झुन्डिएर बस्ने चमेरो कानले देख्ने प्राणी हो । चमेरोले आफ्नो कानको ध्वनि र प्रतिध्वनिका माध्यमबाट हरेक कुरा ठम्याउँछ र देख्छ ।

चमेराबाट सिको गरेर ध्वनि र प्रतिध्वनिको सिद्धान्त अनुसार स्थान, वस्तु र तिनको दूरी पत्ता लगाउने प्रविधि विकास भएको मानिन्छ । समुद्र वा तालको गहिराइ नाप्न पनि यो प्रविधि प्रचलनमा छ । आकाशमा उडेका हवाईजहाज वा पानीमा चल्दै गरेका जहाज र पनडुब्बी ठम्याउने राडार प्रविधिको आधार चमेरोकै 'इकोलोकेशन' प्रविधि हो भन्ने धेरैको मान्यता छ।

चमेरोको खुट्टा तुलनात्मकरूपमा सानो हुन्छ। यसको शरीर, पखेटा र खुट्टाका कारण जमीनबाट उडान भर्न सक्दैन । त्यसैले चमेरो रूख, गुफालगायत ठाउँमा टाउको तल पारेर बस्ने गर्छ । यसरी बस्दा आफूलाई हुने असुरक्षा पनि उसले सजिलै थाहा पाउँछ र सुरक्षित उपाय खोज्छ। चमेराको वासस्थान विनाश हुँदै जाँदा र वातावरण अनुकूल नहुँदा चमेराहरूको बसाइँ गुफामा बढ्न थालेको नेपाल पक्षी संरक्षण सङ्घका वन्यजन्तुविद् भूपाल नेपालीको भनाइ छ।

वन्यजन्तुविद नेपालीका अनुसार चमेरोले अन्धकारमा बाटो पहिल्याउनका लागि सुन्ने क्षमताको पनि प्रयोग गर्छ । आँखा मात्र होइन राति उडान भर्दा सुन्ने तीक्ष्ण क्षमतालाई पनि उसले उपयोग गर्छ। उनी भन्छन्-"अँध्यारोमा शिकार गर्दा चमेरोले उडेको समयमा अल्ट्रा सिग्नल पठाउँछ, जसले चमेरालाई शिकार गर्न सहज बनाउँछ । अगाडि कुनै वस्तु छ भने उक्त सिग्नल फर्केर आउँछ । यसरी उसले अगाडि कुनै अवरोध भए-नभएको निर्धारण पनि गर्न सक्छ।"

चमेरो ४१ वर्षसम्म बाँचेको तथ्याङ्क छ। चमेरा जाडो मौसममा न्यानो स्थान खोज्दै बसाइसराइसमेत गर्छ। एक दिनमा २५० माइल उड्ने अनुसन्धानबाट देखिएको छ। प्रतिघण्टा ७० माइल उडान गर्न सक्ने चमेराले १० हजार फिट उचाइसम्म उडान भर्न सक्ने बताइन्छ ।

मानव ढुङ्गे युगबाट कृषि युगमा प्रवेश गऱ्यो त्यस बेलादेखि नै चमेरा र मानव

(बाँकी चौथो पातामा)



**शारीरिक अपाङ्गता भएका व्यक्तिद्वारा निर्मित सामग्री :** शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले निर्माण गरेको दाङको लमहीस्थित कोसेली घरमा राखिएका बासका सामग्री। स्थानीय सरकारले नगरपालिकाभित्र रहेका शारीरिक अशक्तहरूलाई सङ्गठित गरी जीविकोपार्जनका लागि सीप प्रदान गरेको छ। अशक्त अपाङ्गता भएकाहरूले बाँसका विभिन्न सामग्री बनाएर बिक्री गर्ने गर्छन्। तस्बिरः रासस

## घट्यो सुनको मूल्य

काठमाडौं, ११ फागुन/रासस



सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनको तुलनामा प्रतितोला रु पाँच सयले घटेको छ । अघिल्लो दिन प्रतितोला रु एक लाख तीन हजारमा कारोबार भएको सुनको मूल्य आज रु एक लाख दुई हजार पाँच सय तोकिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार छ।

यसको मूल्य अघिल्लो दिन रु एक लाख दुई हजार पाँच सय थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु १० घटेर रु १२८५ मा आएको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ ।

# समृद्धिका लागि कृषि उत्पादनमा जोड

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मुलुकको समृद्धिको आधार र भविष्यसँग गाँसिएको विषय नै कृषि हो। उन्नत, औद्योगिक र विकसित समाजको निर्माणको आधार पनि कृषिलाई नै लिने गरिएको छ। कृषि मुलुकको भविष्य र सम्भावना पनि हो। तर यो क्षेत्र जहिले पनि उपेक्षित हुँदै आएको छ।**

विकास तथा समृद्धि भनेको कुनै एक क्षेत्रको उन्नति–प्रगति मात्र नभई, बहुआयामिक प्रक्रिया हो, जसले आर्थिक तथा सामाजिक क्षेत्रका समग्र पक्षलाई समेटेको हुन्छ। विकासले जनताका जीवनयापनका प्राथमिक आवश्यकताजस्तै गाँस, आवास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार तथा सहजता आदिमा समान वितरणको सिद्धान्त आत्मसात गरेको हुन्छ। संसारको सबैभन्दा पुरानो पेशा मानिदै आएको कृषि विगतदेखि हालसम्म जीवनयापनका साथै विकास तथा समृद्धिको प्राथमिक पक्ष रहँदै आएको छ। विगतमा कृषि उत्पादन जीवन निर्वाहका लागि गरिएको भएपनि १९ औं र २० औं शताब्दीमा विश्वमा आएका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक बदलावका कारण कृषि उत्पादनको स्वरूपमा पनि व्यापक परिवर्तन, परिष्करण भएको छ।

अहिले विश्वको जनसङ्ख्या ८ अर्बभन्दा बढी छ। एशियामा मात्रै ४.७३ अर्ब तथा छिमेकी राष्ट्र चीनमा १.४५ अर्ब र भारतमा १.४१ अर्ब जनसङ्ख्या छ। नेपालको जनसङ्ख्या तीन करोड मात्र हो। तुलनात्मकरूपमा यति थोरै जनसङ्ख्या भएर पनि देशभित्रै पर्याप्त मात्रामा कृषि उपज हुन नसक्नु विडम्बना हो। सत्ताको हानथाप र पद लोलुपतामा होमिएका राजनीतिक दल र तिनका नेताहरूले कृषि उत्पादन बढाउनेतर्फ कुनै चासो नदेखाउनु विडम्बनापूर्ण त हो नै, त्यसमा पनि सरकार यो अवस्थाप्रति मूकदर्शक बन्नु र कृषि उत्पादन बढाउनेतर्फ कुनै ठोस र प्रभावकारी प्रयास समेत नगर्नु ज्यादै चिन्ताको विषय हो। हुनत नेपालमा प्रशस्त खेतबारी र जुनसुकै बाली उत्पादन हुन सक्ने मौसम उपलब्ध छ। तर पनि नेपाल कृषिमा आत्मनिर्भर हुन सकेको छैन। प्रायः सबै सरकारले कृषि र किसानलाई मुख्य प्राथमिकतामा राखेको भने पनि यी दुवै क्षेत्र जहिले पनि राज्यद्वारा अपहेलित र उपेक्षित भएका छन्।

नेपालको माटोमा सबै खालको खेतीपाती गर्न सक्ने सम्भावना छ। भौगोलिक दृष्टिकोणले उच्च हिमाली क्षेत्र, पहाड र तराई भएकोले जुनसुकै बाली लगाउन सकिन्छ। उच्च हिमाली क्षेत्रमा याक, भेडा, बाख्रा र फलफूल उत्पादनको प्रशस्त सम्भावना छ। पहाडमा गेडागुडी, कफी, चिया, फूलखेती, बाख्रा, कुखुरा पालनको सम्भावना छ। तराईमा धान, गहुँ, आलु, तरकारी, दूध, पोल्ट्रीलगायत उत्पादन हुन्छ। तर प्रशस्त सम्भावनाका बावजुद नेपालमा अधिकांश कृषि बाली उत्पादन हुन सकेको छैन। १५औं योजनाको कार्यान्वयन हुन थालेको करीब तीन वर्ष बितिसक्दा पनि प्रमुख खाद्य बाली धानको उत्पादकत्व ४.५ मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा ३.८२ टन प्रतिहेक्टर मात्र पुगेको छ। आव २०७८–७९ मा नै धानको उत्पादकत्व ४.३ टन प्रतिहेक्टर पुऱ्याउने लक्ष्य थियो। तर सो वर्ष नाघिसक्दा पनि लक्ष्य अनुसार उत्पादन हुन सकेको छैन। प्रतिवर्ष बढ्दै जानुपर्ने धानको उत्पादनमा उतारचढाव देखिने गरेको छ। यो वर्ष ५४ लाख ८६ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क छ। जबकि दुई वर्षअघि सबैभन्दा धेरै ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको थियो।

अर्को प्रमुख खाद्यान्न मकैको उत्पादकत्व लक्ष्य ४ मेट्रिक टन प्रतिहेक्टर रहेकोमा ३.०५ मेट्रिक टन प्रतिहेक्टर मात्रै रहेको छ। गहुँको उत्पादकत्व ३.५ मेट्रिक टन प्रतिहेक्टर लक्ष्य रहेकोमा २.८५ र तरकारीको उत्पादकत्व लक्ष्य २० मेट्रिक टन प्रतिहेक्टर रहेकोमा १४.४५ मेट्रिक टन मात्र उत्पादन भइरहेको छ। छिमेकी चीनमा उन्नत बीउ र उच्च प्रविधिको प्रयोग भएका कारण ४४ मेट्रिक टन प्रतिहेक्टरका दरले आलु उत्पादन हुन थालिसकेको छ। नेपालले भने २०/२२ मेट्रिक टन प्रतिहेक्टर उत्पादन लक्ष्य राखेको छ। तर १७ मेट्रिक टन प्रतिहेक्टर मात्रै उत्पादन भइरहेको स्थिति छ। यस्तै, फलफूल १२ मेट्रिक टन प्रतिहेक्टरको लक्ष्य रहेकोमा १०–११ मेट्रिक टन उत्पादन भइरहेको छ। आम नेपाली नागरिकको सन्तुलित खाने बानी नभएको कारण अधिकांश खाद्यवस्तु बढी उपभोग गर्ने वा कुनै एकको उपभोग बढी गर्ने भएकोले कृषि उपजको आयात बढिरहेको छ। दाल, गेडागुडीलगायत दलहन बाली र फलफूलको उत्पादनमा अथाह सम्भावना हुँदाहुँदै पनि कमजोर स्थिति छ। नेपालमा वार्षिक ७ अर्ब रुपियाँको प्याज, करीब ४ अर्बको कागती, एक अर्बको ओखर, ७ अर्बको प्याज, ९ अर्बको आलु आयात भइरहेको स्थिति छ। सबै उपजको आयात घटाउनैपर्छ भन्ने छैन। हाम्रो जमीनको स्थिति र उत्पादन क्षमता हेरेर कुन उत्पादन वृद्धि गरी आयात घटाउन सकिन्छ भन्ने कुरामा ध्यान दिनु जरूरी देखिन्छ।

विश्व खाद्य सङ्गठनले तोकेको मापदण्डलाई आधार बनाएर हेर्ने हो भने नेपालको जनसङ्ख्यालाई पुग्नेगरी कृषि उपजको उत्पादन भएको अवस्था छ। विश्व भोकमरी सूचीलाई हेर्दा सन् २०२२ मा नेपाल ८१औं स्थानमा छ। खाद्य सुरक्षाका दृष्टिकोणले नेपालको ५२ प्रतिशत घरपरिवार खाद्य सुरक्षाको घेराभित्र पर्छ। २१ प्रतिशत खाद्य सङ्कट (खान नपुगिरहेको)को अवस्था छ। बाँकी २२ प्रतिशत मध्यम खाद्य सङ्कट (६ महीनासम्म खान पुग्ने) अवस्थामा छ। १० प्रतिशत घरपरिवार चरम खाद्य सङ्कट अर्थात् खान नपुग्ने स्थितिमा छ। यो स्थिति प्रत्येक दिन २२५० क्यालोरी चाहिने र यो क्यालोरी खाद्यवस्तुबाट प्राप्त गर्ने क्षमताका आधारमा तय गरिएको हो। भौगोलिक दृष्टिले हेर्ने हो भने सिन्धुपाल्चोक, दोलखा, रामेछाप, गोरखा, नुवाकोट, रसुवा, बाजुरा, डोल्पा र मुगु गरी नौ जिल्लामा खाने नपुग्ने गरी कृषि उत्पादन हुने, १९ जिल्लामा थोरै खान पुग्ने उत्पादन हुने र ४५ जिल्लामा जनसङ्ख्याको तुलनामा बढी खाद्यान्न उत्पादन हुने गरेको तथ्याङ्क छ। खाद्य सङ्कटको स्थितिलाई नेपालले केही सुधार गरे पनि सन्तोषजनक अवस्था भने अहिले पनि आइपुगेको पक्कै छैन। सन् २०१५ को आधार वर्षमा २७ प्रतिशत रहेको खाद्य सङ्कटको स्थितिमा अहिले केही सुधार भई २१ प्रतिशत कायम भएको छ। कृषि विकास रणनीति (एडिएस)ले सन् २०३५ सम्म यो दर ६ प्रतिशतमा झार्नुपर्छ भनेको छ। यो निकै चुनौतीपूर्ण लक्ष्य हो।

सन् २०२०–२१ को तथ्याङ्क अनुसार मुलुकभर ७४ लाख ३२ हजार मेट्रिक टन उपभोग्य खाद्यान्न उत्पादन भएको छ। तर, खाद्य सुरक्षाका दृष्टिले नेपाललाई ६० लाख मेट्रिक टन आवश्यक पर्छ। विश्व खाद्य सङ्गठन र विश्व स्वास्थ्य सङ्गठनले मानिसलाई चाहिने क्यालोरीका आधारमा हिमालमा बस्नेले १९१ किलो, पहाडमा बस्नेले २०१ किलो र तराईमा बस्नेले १८१ किलो प्रतिवर्ष खाद्यान्न उपभोग गर्नु उपयुक्त हुने मापदण्ड बनाएको छ। यसरी तोकिएको परिमाण अनुसार खपत गर्ने हो भने १४ लाख मेट्रिक टन खाद्यान्न बढी उत्पादन भएको देखिन्छ। नेपालीको सन्तुलित खाने बानी नभएका कारण अधिकांश खाद्यवस्तु बढी उपभोग गर्ने वा कुनै एकको उपभोग बढी गर्ने भएका कारण पनि धेरै कृषि उपजको आयात बढिरहेको छ। कृषि उपजमध्ये सबैभन्दा बढी चामल आयात भइरहेको छ। वार्षिक ५५/५६ लाख मेट्रिक टन धान उत्पादन भइरहेको छ। तर नेपाललाई ६४/६५ लाख मेट्रिक टन धान उत्पादन भयो भने पर्याप्त हुन सक्छ। यो हिसाबले करीब १० लाख मेट्रिक टन धान मात्रै अपुग भएको हो। अर्थात् बढीमा २५ अर्ब रुपियाँको चामल वार्षिक आयात हुँदा पुगनुपर्नेमा वार्षिक ५० अर्ब रुपियाँभन्दा बढीको चामल आयात भइरहेको तथ्याङ्क छ।

त्यसैले राष्ट्रिय उत्पादनमा एकतिहाई भूमिका निर्वाह गर्ने र दुईतिहाई जनताको जीविकोपार्जनको मुख्य पेशा रहेको कृषि क्षेत्रलाई सबल र सक्षम बनाउन नसक्नु नेपालको समृद्धिमा तगारो हो। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि कृषि क्षेत्रमा आमूल परिवर्तन र सुधार भई ग्रामीण क्षेत्रको आर्थिक सामाजिक रूपान्तरण भएर समाजबाट गरीबी र भोकमरी हट्ने आशा र विश्वास आम नेपाली जनताले लिएको थियो। जसलाई स्वाभाविक मान्नुपर्दछ। मुलुकमा वैज्ञानिक भूमिसुधार गरी उत्पादन शक्ति बढाई किसानलाई बढी प्रतिस्पर्धी बनाएर सामाजिक न्याय दिलाउने तथा कृषि उत्पादन र उत्पादकत्व बढाएर किसानको जीवनस्तर माथि उकास्नुका साथै भोकमरीबाट मुलुकलाई जोगाउनेजस्ता गणतान्त्रिक सरकारहरूको प्रमुख प्राथमिकता क्षेत्र भए पनि ओठे विकासमा मात्र सीमित हुन पुगेका छन्। कृषिमा सुधार र आमूल परिवर्तनका कुरा त परै जाओस्, कृषिका लागि अति आवश्यक मल र उन्नत बीउको सहज आपूर्ति र बन्दोबस्तसमेत अहिलेसम्मको कुनै पनि सरकारले गर्न सकेन। मुलुकको समृद्धिको आधार र भविष्यसँग गाँसिएको विषय नै कृषि हो। उन्नत, औद्योगिक र विकसित समाजको निर्माणको आधार पनि कृषिलाई नै लिने गरिएको छ। कृषि मुलुकको भविष्य र सम्भावना पनि हो। तर नीति निर्माता र निर्णयकर्ताहरूको स्वार्थका कारण कृषि पेशा जहिले पनि उपेक्षित हुँदै आएको छ।

त्यसैले मुलुकको समृद्धिका लागि कृषि बजारीकरण, उत्पादन योजना र बजार योजनासहितको साना कृषि बजार पूर्वाधारको विकास, कृषि उत्पादन योजना सहितको उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। विशेषगरी किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ। कृषिको विविधीकरण, व्यवसायीकरण र उद्योगीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अबको मार्गचित्र हुनुपर्छ।

# नेप्से परिसूचकमा पहिरो





काठमाडौं, ११ फागुन/रासस

लघुवित्त संस्थाहरूको शेयर मूल्यमा उच्च अङ्को गिरावट देखिएपछि नेप्से परिसूचकमा पहिरो गएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५७ दशमलव ७४ अङ्कले ओरालो लागेर दुई हजार २२ दशमलव ६४ मा सीमित भएको छ।

यस्तै, ठूला कम्पनीका शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ११ दशमलव ९५ अङ्कले ओरालो लागेर ३८४ दशमलव ४० मा सीमित भएको छ। कारोबार भएका कुल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। कारोबार भएकामध्ये आज १४ कम्पनीका मात्रै शेयर मूल्यमा वृद्धि भएको छ।

यस्तै, २०३ कम्पनीका शेयर मूल्यमा गिरावट हुँदा एक कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएको छैन। कुल ६३ लाख २६ हजार १०५ कित्ता शेयर रु दुई अर्ब ५२ करोड २७ लाख १३ हजार १५३ मूल्यमा खरीद–बिक्री भए। कारोबारका आधारमा छिमेक लघुवित्त शीर्ष स्थानमा छ। सो कम्पनीको रु आठ करोड ७० लाख ७३ हजार बराबरको कारोबार भयो।

यस्तै, एनआइसी एशिया बैंक रु सात करोड ९६ लाख ४१ हजार ५३२, हिमालयन डिस्टिलरी रु सात करोड २१ लाख ८९ हजार ३८५, साना किसान विकास बैंक रु छ करोड छ लाख ८७ हजार ८८४ र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको रु छ करोड २८ हजार ८६८ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहेका छन्।

नेप्सेका अनुसार कारोबार भएकामध्ये आज कुल ४० कम्पनीका शेयर मूल्यमा १० प्रतिशतको गिरावट भएको छ। यस्तै, नेपाल हाइड्रो चार दशमलव ८२, सामलिङ पावर कम्पनी चार दशमलव ७७, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो तीन दशमलव ४३, प्रभु बैंकको ऋणपत्र एक दशमलव ९९ र सानिमा लार्ज क्यापका लगानीकर्ताले एक दशमलव ९२ प्रतिशतले कमाएका छन्।

चमेराको ...

जातिको अन्तर्सम्बन्ध रहेको मानवशास्त्रीको भनाइ छ। वन्यजन्तुविद नेपालीले भने–"चमेरा हाम्रो घर तथा वरिपरि रहेका रुख, झाडी र बगैंचामा बस्न रुचाउँछ र त्यही गुँड बनाएर बच्चा पनि कोरल्छ।"

गुफामा बस्ने चमेरा साना खालका हुन्छन् र तिनको आहारा भनेको रातमा उड्ने कीटपतङ्ग, लामखुट्टेलगायत अनेकौं ससाना प्राणी हुन्।

एकातिर पुरानो र परम्परागत चमेरामैत्री घर नहुनु, रुख बिरुवा विनाश हुनु, प्रदूषण, चेतनाको कमी, आहाराको कमीको समस्या बढ्दै गएको छ भने अर्कोतिर यिनीहरूलाई संरक्षण गर्नुको सट्टा मार्ने र धपाउने प्रवृत्तिले पनि चमेराको सङ्ख्यामा कमी आएको उनी बताउँछन्।

एक अध्ययनले मोबाइल फोन र यसको टावरको विकीरणको कारण पनि असर पारेको उनको भनाइ छ। शहरका बिजुलीको तारमा बस्ने क्रममा पनि चमेरा मर्ने गरेका छन्।

चमेराको चर्चामा पोखराको चमेरे गुफा, महेन्द्र गुफा, गुप्तेश्वर गुफा विशेष उल्लेखनीय छन्। केही वर्ष अघिसम्म काठमाडौंका नारायणहिटी, केशरमहल तथा भक्तपुरको सल्लाघारीमा बथानका बथान पाइने चमेरा आजभोलि देख्न मुश्किल भएको छ।

बढ्दो शहरीकरणले निम्त्याएको धूलो, धुवाँ, बिजुलीका तार र रुखबिरुवाको विनाशले गर्दा रूपन्देही, कपिलवस्तु र काठमाडौंलगायत सबैतिर चमेराको सङ्ख्या दिनदिनै घट्दो छ।

# एक अर्बको तरकारी निकासी

सर्लाही, ११ फागुन/रासस

सर्लाहीको लालबन्दीमा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले चालु आर्थिक वर्षको सात महीनामा एक अर्ब बढीको तरकारी निकासी गरेको छ।





लालबन्दी नगरपालिका–७ मा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले गत साउन १ देखि माघ मसान्तसम्म तरकारी निकासीबाट रु एक अर्ब ६६ लाख ६३ हजार ३५० रकम आर्जन गरेको समितिका व्यवस्थापक शम्भु घिमिरेले जानकारी दिए।

उनका अनुसार आव २०७९–०८० को साउनमा रु २० करोड दुई लाख, भदौमा रु १८ करोड ८५ लाख ५२ हजार, असोजमा रु २७ करोड ८० लाख ८३ हजार, कात्तिकमा रु नौ करोड ६३ लाख ७८ हजार, मङ्सिरमा रु सात करोड १० लाख ६८ हजार, पुसमा रु १७ करोड १५ लाख ८८ हजार र माघमा रु २० करोड ९४ लाख ३७ हजार हाराहारी रकम सङ्कलन भएको छ।

चालु आवको सात महीनामा रु एक अर्ब ६६ लाख ६३ हजार ३५० रकम सङ्कलन भएको समितिका अध्यक्ष तोरणबहादुर मगरले जानकारी दिए। जिल्लाको लालबन्दी, हरिवन, हरिपुर र ईश्वरपुर नगरपालिका क्षेत्रमा किसानले उत्पादन गरेका गोलभेंडा, परवल, बोडी, सिमी, भन्टा, करेलालगायत तरकारी लालबन्दीको बजारमा आउने समितिले जनाएको छ। अध्यक्ष मगरका अनुसार सिन्धुली, रामेछाप, काठमाडौं, पोखरा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगंज, हेटौंडा, वीरगंज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनबर्सा तथा सीतामढीलगायत स्थानमा लालबन्दीबाट तरकारी निकासी हुन्छ।

लालबन्दीबाट टमाटर, भन्टा, बोडी, लौका, करैला, काँक्रो, फूलकोभी, बन्दा कोभी, घिरौला, सिमी, झिङ्गी, मूला, हरियो खुर्सानी, बेथुको साग, गाजर, भिन्डी, परवल, रुख कटहर, फर्सी, धनियाँको पात, कागती, मटरकोसा, प्याज र भेंडेखुर्सानीलगायत तरकारी निकासी हुन्छ।

त्यस्तै सङ्घीय सरकार मातहत रहेको थोक तरकारी बजारको छ कोठे भवन निर्माणका लागि शिलान्यास गरिएको छ। कृषि पूर्वाधार विकास तथा कृषि यन्त्रीकरण प्रवर्द्धन केन्द्रको ५० लाख ७७ हजारमा सो भवन निर्माण हुनेछ। चालु आवको असार मसान्तसम्म निर्माण सम्पन्न गर्नेगरी समितिले नै भवन निर्माणको काम थालेको अध्यक्ष मगरले जानकारी दिए। लालबन्दी बजारसहित सङ्घ सरकार मातहत ११ वटा बजार रहेका छन्।


## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## संयुक्त राष्ट्रसङ्घ महासचिवद्वारा युक्रेन आक्रमणको निन्दा


तस्वीरः एजेन्सी



न्युयोर्क, ११ फागुन/एएनआई

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले बुधवार युक्रेनमा रूसको आक्रमणको निन्दा गर्दै यो 'हाम्रो सामूहिक विवेकको अपमान' भएको बताएका छन्।

रूसको युक्रेन आक्रमणको एक वर्ष पुग्न दुई दिन अघि एघारौं आपत्कालीन विशेष सत्रलाई सम्बोधन गर्दै महासचिव गुटेर्रेसले भने–जब तपाईं युक्रेनमा रूसको आक्रमणबारे कुरा गर्नुहुन्छ, यो युक्रेनको जनता र अन्तर्राष्ट्रिय समुदायका लागि लाजमर्दो विषय हो।

"यो संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन हो। यसले नाटकीयरूपमा मानव अधिकारको हनन निम्त्याइरहेको छ र यसको प्रभाव युक्रेनभन्दा धेरै परसम्म महसूस भइरहेको छ"–उनले भने।

रूस–युक्रेन युद्ध गत फेब्रुअरी २४ मा शुरू भएको थियो र हालसम्म जारी छ। युक्रेनमा द्वन्द्व बढ्दै गएपछि महासभाले कीभले समर्थन गरेको प्रस्तावमाथि बहस गर्न थालेको हो। विशेष सत्रलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घ प्रमुखले पनि भने–"मैले पहिलो दिनदेखि भनेको कुरा के हो भने यस कदमले विश्च समुदायलाई चुनौती थपेको छ।" संयुक्त राष्ट्रसङ्घका सबै सदस्यले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै पनि राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध वा संयुक्त राष्ट्रका उद्देश्यहरूसँग असङ्गत हुनेगरी धम्की वा बल प्रयोगबाट टाढा रहनुपर्ने महासचिवको धारणा छ। उनले युक्रेनका चार क्षेत्र गैरकानूनीरूपमा रूसमा गाभिएकोमा पनि आपत्ति जनाएका छन्।

यस अघि पोल्यान्डमा बुधवार अमेरिकी राष्ट्रपति जो बाइडेनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युद्धघोष गर्दा 'ठूलो गल्ती' गरेको बताएका थिए। राष्ट्रपति बाइडेन, पोल्यान्डको वार्सास्थित राष्ट्रपति भवनमा बुखारेस्ट–९ सँग बैठकमा भएका बेला पहिलोपटक मुस्कुराएर जवाफ दिंदै रूसको के प्रतिक्रिया हुन्छ त्यसको प्रत्युत्तर दिने समय नभएको बताएका थिए।

बुखारेस्ट–९ समूह २०१५ मा क्रिमिया रूसमा विलय भएपछि गठन भएको थियो र यसमा बुल्गेरिया, चेक गणतन्त्र, एस्टोनिया, हङ्गेरी, लाटभिया, लिथुआनिया, पोल्यान्ड, रोमानिया र एस छन्।

युक्रेन युद्ध एक वर्ष पुग्न लाग्दा बाइडेन पोल्यान्डमा नेटो नेताहरूसँग भेट्दै छन्। मस्कोमा राष्ट्रपति पुटिनले बुधवार चिनियाँ उच्च कूटनीतिज्ञ वाङ यीसँग भेट गरेका थिए। यस अघि वाङले रूसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भेटवार्ता गरेका थिए।

राष्ट्रपति पुटिनले अमेरिकासँग एकमात्र बाँकी रहेको परमाणु हतियार नियन्त्रण सन्धि – न्यु स्टार्टमा आफ्नो सहभागिता निलम्बन गरिरहेको र युक्रेन द्वन्द्वका लागि पश्चिमलाई दोष दिन खोजेको बताइएको छ। रासस

## विमान दुर्घटना हुँदा चारजनाको मृत्यु

मनिला, ११ फागुन/एएनआई

फिलिपिन्समा विमान दुर्घटना हुँदा विमानमा सवार सबै चारजनाको मृत्यु भएको छ। सो विमान फिलिपिन्सको ज्वालामुखी विस्फोट भएको स्थानमा दुर्घटना भएको हो। दुर्घटनाग्रस्त क्षेत्रमा खोजी अभियान सञ्चालन गरेपछि चारजनाको मृत्यु भएको पुष्टि भएको अधिकारीहरूले जनाएका छन्।

दुर्घटनामा मारिनेमा पाइलट रूफिनो जेम्स क्रिसोस्टोमो जुनियर, चालक दलका सदस्य जोएल मार्टिन र अस्ट्रेलियाका प्राविधिक सल्लाहकार साइमन चिपरफिल्ड र कार्ती सन्थानम रहेका छन्। उनीहरूको शव माउन्ट मेयोन ज्वालामुखीमा भेटिएको थियो। चारैजना मानिस मनिलास्थित जियोथर्मल फर्म इनर्जी डेभलपमेन्ट कर्पका कर्मचारी रहेको सिएनएनले कम्पनीका अध्यक्ष र प्रमुख अपरेटिङ अफिसर आरलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

सिएनएनले फिलिपिन्सको नागरिक उड्डयन प्राधिकरण (सिएएपी) लाई उद्धृत गर्दै अल्बे प्रान्तको बिकोल अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिवार उडान भरेपछि मनिला जाँदै गरेको सेसना ३४० विमानको हवाई ट्राफिक कन्ट्रोलसँग सम्पर्क विच्छेद भई दुर्घटना भएको जनाइएको छ। आइतवार करीब ६ हजार फिटको उचाइमा भग्नावशेष भेटिएको थियो। पहिरोको जोखिम र ज्वालामुखी विस्फोट आदिको डरले खोजी कार्यमा कठिनाइ भएको थियो। रासस

## इजरायली आक्रमणमा ११ प्यालेस्टिनीको मृत्यु, १०० घाइते

जेरूसेलम, ११ फागुन/एएनआई

इजरायली सेनाले वेस्टबैंकमा बुधवार गरेको आक्रमणमा कम्तिमा ११ जना प्यालेस्टिनी मारिएका छन् भने १०० जनाभन्दा बढी घाइते भएका छन्। इजरायलमा आक्रमण गर्ने योजना बनाएका तीन संदिग्ध व्यक्तिलाई लक्षित गरी कारबाई गर्दा सो घटना भएको हो। इजरायल डिफेन्स फोर्स (आइडिएफ) र इजरायल सुरक्षा एजेन्सीले संयुक्त विज्ञप्ति जारी गर्दै सोबारे जानकारी दिएका हुन्। इस्लामिक जिहाद लडाकू समूहले इजरायली सेनासँग भएको भीडन्तमा आफ्ना दुई कमान्डर मारिएको बताएको पनि सिएनएनले उल्लेख गरेको छ।

लायन्स डेन उग्रवादी समूहले पनि आफ्ना सदस्यहरू सो भीडन्तमा संलग्न भएको पुष्टि गरेको छ तर तिनीहरूका सदस्यहरू मारिएका छन् वा छैनन् भनी स्पष्ट पारेको छैन। नाब्लस आक्रमणमा मारिएकामध्ये एक हमास सदस्य रहेको प्यालेस्टिनी लडाकू समूहले जनाएको छ। हमासले हुसम सलीमलाई सदस्य र शहीद भएको दाबी गरेको छ।

आइडिएफले एकजनालाई भाग्ने क्रममा गोली लागेको र अन्य दुईजना सेनासँगको गोली हानाहानमा मारिएका सिएनएनले जनाएको छ। इजरायली अधिकारीहरूले जनाए अनुसार संदिग्धहरूले इजरायली सेनामाथि ढुङ्गा, मोलोटोभ ककटेल र विस्फोटक उपकरण प्रहार गरेका थिए।

त्यसैगरी प्यालेस्टिनका अनुसार सो झडपमा कम्तिमा १०२ जना घाइते भएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – बेचैनी |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिकाको जनहितमा जारी अपील

यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत विद्यालयले भर्ना भएको सङ्ख्याको १० प्रतिशतले हुन आउने विद्यार्थी सङ्ख्यालाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम छात्रवृत्ति वितरण गर्नुहुन सबै संस्थागत विद्यालयलाई सूचित गर्नुका साथै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

## वन पैदावार उपलब्धताबारे सञ्चारकर्मीसँग अन्तर्क्रिया


तस्वीरः प्रतीक

प्रस, रौतहट, ११ फागुन/

डिभिजन वन कार्यालय, रौतहटले बिहीवार सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ।

चन्द्रनिगाहपुरमा डिभिजन वन अन्तर्गत उत्पादित वन पैदावार जिल्लाका सर्वसाधारणलाई सहज ढङ्गले उपलब्ध गराउने उद्देश्यले सञ्चारकर्मीहरूसँग समन्वय गर्न अन्तर्क्रिया गरिएको हो।

कार्यक्रममा स्थानीयहरूलाई धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र सम्पदाको निर्माण तथा संरक्षण, विपद्मा परेका परिवार, अन्तिम संस्कार कार्य प्रयोजन, जनसहभागितामा गरिने विकास निर्माण, कृषि औजार, घरकाज निर्माण र वन पैदावारमा आधारित उद्योग सञ्चालनलगायत क्षेत्रमा सहजरूपमा काठ दाउरा निवेदनका आधारमा उपलब्ध गराइने डिभिजन वन कार्यालय, रौतहटका प्रमुख सुनीलकुमार कर्णले बताए।

उनले साल प्रजातिका काठ ए, बी, सी, डीको क्रमशः रु १८५१, १३४२, १३०० र ५७९ रुपियाँ करसमेत पर्ने र आउँदो सातादेखि क्रमिकरूपमा काठ दाउरा सहज तरीकाले वितरण गरिने बताए।

## क्षेत्रीय समन्वय कमिटीको बैठक

प्रस, वीरगंज, ११ फागुन/

नेकपा एमाले मिसन ग्रासरूट अन्तर्गत बाराको परवानीपुरमा चारवटा पालिकाको क्षेत्रीय समन्वय कमिटीको बैठक सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

क्षेत्रीय समन्वय कमिटी बारा क्षेत्र नं ४ को आयोजनामा परवानीपुरमा आयोजित बैठकमा एमालेका केन्द्रीय सदस्य अरविन्द सिंहले मिसन ग्रासरूटको अवधारणा र दुई महीने कार्यतालिकाबारेमा पालिका केन्द्रित अभियान सञ्चालन विधिबारे जानकारी गराएका थिए।

बैठकले फागुन १२ गते जनसङ्गठन समन्वय संयन्त्र गठनका लागि जनसङ्गठनहरूको संयुक्त बैठक बोलाउने, निर्वाचित जनप्रतिनिधिहरूलाई पार्टी नीतिअनुरूप परिचालनका लागि पालिका सभादल र पालिका तथा वडा समन्वय संयन्त्र गठन गर्ने निर्णय गरेको केस सिंहले बताए। यसैगरी, पार्टी सदस्यता नवीकरण आगामी दिनमा भौतिक उपस्थितिमा मात्र गर्ने निर्णय बैठकले गरेको छ। यसअघि एक वर्षका लागि सदस्यता नवीकरण हुँदै आएकामा यो वर्ष दुई वर्षका लागि गर्ने निर्णय पनि भएको केस सिंहले जानकारी गराए।

बैठकमा केस सरस्वती चौधरी, रञ्जना सरकार, मधेस प्रदेश कमिटीकी उपसचिव आरती भण्डारीलगायतको सहभागिता थियो।

बैठकमा स्वागत प्रदेशसभा सदस्य देवनारायण चौधरी र सहजीकरण मनोज पौडेलले गरेका थिए।

पटेर्वासुगौली
गाउँ कार्यपालिकाको कार्यालय, पटेर्वासुगौली, पर्सा
मधेस प्रदेश, नेपाल

### बोलपत्र छनोटको आशयको सूचना

सूचना प्रकाशित मिति २०७९।११।१२

यस कार्यालयको मिति २०७९।१०।०६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि सिलबन्दी बोलपत्रहरू आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र छनोटको आशयको यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (मूअकरबाहेक) |
|---|---|---|---|
| 01/RIV/2079-080 | भलुवाही खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा निकासी कार्य | श्री आयुष कन्स्ट्रक्सन, बिजवनिया–७, पर्सा | ५१,४७,०००/– |
| 02/RIV/2079-080 | गादी खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा निकासी कार्य | श्री न्यू उज्ज्वल निर्माण सेवा, वीरगंज–२३, पर्सा | ३४,२५,०००/– |

**Government of Madhesh Province**
**Minister of Industry, Tourism & Forest**
**Tourism Development Office**
Birgunj, Parsa

### Letter Of Intent

Date of LOI: 2023-02-24

This is to inform to all concerned bidders who have submitted their bids under SQ notice published on26th Jan 2023 in Prateek Daily, that the letter of intent has issued in favour of following bidders having substantially responsive and lowest evaluated bid price.

| S.N. | Sealed Quotation No. | Description and Location of work | Bidder | Bid Price (Excluding VAT) |
|---|---|---|---|---|
| 1 | TDO/PAR/SQ/W/2079/080/02 | Construction of ChhatGhat Park at JitpurSimara Sub Metropolitan City Ward No. 21, Bara | N.N. Construction, Birgunj-14, Parsa | 1187617.20 |
| 2 | TDO/PAR/SQ/W/2079/080/03 | Construction of Sampatyamai Mandir Nirman at Jagarnathpur Rural Municipality Ward No. 5, Parsa | Abhi Construction, Birgunj-5, Parsa | 1225620.45 |
| 3 | TDO/PAR/SQ/W/2079/080/04 | Construction of AdhuroKabristan at Jagarnathpur Rural Municipality-2, Parsa | Aiyush Construction, Bijbaniya-7 Parsa | 1155358.12 |
| 4 | TDO/PAR/SQ/W/2079/080/05 | Construction of MasihaniKabristan at Jagarnathpur Rural Municipality Ward No-5, Parsa | Anil NirmanSewa, Mirjapur-1, Parsa | 1149402.96 |
| 5 | TDO/PAR/SQ/W/2079/080/06 | Construction of Ram Janki Dharmshala at FatuwaBijaypur Municipality-6, Rautahat | Shree Ma Baudhi Construction, Katahariya-2 Rautahat | 1339362.60 |
| 6 | TDO/PAR/SQ/W/2079/080/07 | Construction of Adhuro Shree Krishna Pranami Mandir at JitpurSimara Sub Metropolitan City Ward No 4, Bara | Bablu Construction, / Roma Saw Mill Gadhimai-2, Simara, Bara | 1123890.60 |
| 7 | TDO/PAR/SQ/W/2079/080/08 | Construction of Ram janki dharmasala at Fatuwabijayapur ward mo 03, rautahat | Shree Ma Baudhi Construction, Katahariya-2 Rautahat | 1325685.10 |
| 8 | TDO/PAR/SQ/W/2079/080/09 | Construction of Dalit Samudayik Dharmashala at Jitpur Sub Metropolitan City Ward No 9, Bara | Ankit Construction, Kailaiya-14, Bara | 1207359.00 |
| 9 | TDO/PAR/SQ/W/2079/080/10 | Construction of Math at Gadhimai ward no 8, rautahtat | Shiv Nirman Sewa, Gaur, Rautahat | 1017141.50 |
| 10 | TDO/PAR/SQ/W/2079/080/12 | Construction of SanskritikTharu Dharmshala at Sano Matheriya JitpurSimara Sub Metropolitan City Ward No 19, Bara | Anil Nirman Sewa, Mirjapur-1, Parsa | 1025281.00 |

# सामुदायिक विद्यालयका प्रअसँग अन्तर्क्रिया

प्रस, पंचगावाँ, ११ फागुन/

पटेर्वासुगौली गाउँपालिकाले २४ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग सामूहिक अन्तर्क्रिया गरेको छ ।


तस्वीरः रासस

अन्तर्क्रियामा वार्षिक परीक्षा समयमा सञ्चालन गर्न, पालिकाले निर्माण गरेको शिक्षा नियमावली सबै विद्यालयलाई उपलब्ध गराउन, प्रविधिमैत्रीको लागि सबै विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर उपलब्ध गराउन, विद्यालय सुधार योजना किताब सबै विद्यालयले निर्माण गर्न, प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्न, सबै विद्यालयमा इन्टरनेट जडान गर्न, लेखापरीक्षण गराउन, पालिकाबाट खर्च विवरण उपलब्ध गराउन, शिक्षा निर्देशिका सबै विद्यालयलाई पालिकाबाट उपलब्ध गराउनलगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा प्रधानाध्यापकहरूको गुनासोको प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव र शिक्षा शाखा प्रमुख सोलेन्द्र पञ्जियारले जवाफ दिएको प्रअ रामाशङ्कर राउतले बताए ।

कार्यक्रममा उठेका विषयवस्तुलाई गापाको शिक्षा समिति र कार्यपालिकाबाट सम्बोधन गरिने प्रमुख प्रशासकीय अधिकृत यादवले बताए । शिक्षाको स्तर उकास्न पालिकाले सबै किसिमको सेवा सुविधा बुँदागतरूपमा प्रदान गर्ने उनले बताए । शिक्षा नियमावली राजपत्र प्रकाशित नभएकोले सबै विद्यालयमा तत्काल उपलब्ध गराउन समय लाग्ने उनले बताए ।

कार्यक्रममा प्रधानाध्यापकलाई ब्याग र डायरी वितरण गरिएको प्रअ हरिराज यादवले बताए ।

पालिकाका जिन्सी शाखा प्रमुख रामबाबु रायले आवश्यकता अनुसार सबै विद्यालयमा डेक्स–बेन्च, ह्वाइट बोर्ड, वितरण गर्ने आश्वासन दिए ।

# आयोग र मतदाताबीच समन्वय बढाउन आग्रह

बारा, ११ फागुन/रासस

निर्वाचन आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिलाई निर्वाचन व्यवस्थापनका काममा प्रभावकारीरूपमा सहजीकरण गर्न आग्रह गरेकी छन् ।

निर्वाचन सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्न मधेस प्रदेशको बारामा बिहीवार आयोजित दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उनले मतदाता नामावली सङ्कलन एवं अद्यावधिक, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचनसम्बन्धी सूचना सहजरूपमा मतदाता एवं सरोकारवाला पक्षसमक्ष पुऱ्याउन निर्वाचन सम्पर्क व्यक्तिको भूमिका महत्त्वपूर्ण हुने बताइन् ।

उनले भनिन्, "मतदान केन्द्र तथा मतदानस्थललाई सुरक्षित, सहज, पहुँचयोग्य र लैङ्गिक एवं समावेशी तथा अपाङ्गतामैत्री बनाउनेलगायतका काममा निर्वाचन सम्पर्क व्यक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ ।"

उनले स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिले आयोग र जनताका बीचमा समन्वय र सहकार्य गरी सेतुका रूपमा काम गर्नुपर्ने जनाउँदै निर्वाचन तथा मतदाता शिक्षा आमनागरिकमा पुऱ्याउन आयोगको प्रतिनिधि निर्वाचन सम्पर्क व्यक्तिले भूमिका निर्वाह गर्नुपर्छ भनिन् ।

मतदाता नामावली अद्यावधिक कार्यमा स्थानीय सरकारले प्रदेश र जिल्ला निर्वाचन कार्यालयमार्फत मृत्यु भइसकेका मतदाताको विवरण आयोगलाई उपलब्ध गराइ मतदाता नामावली अद्यावधिक र शुद्ध बनाउन सहयोग गर्नुपर्नेमा उनले जोड दिइन् ।


तस्वीरः रासस

आयुक्त डा तुलाधरले आयोगले स्थानीय तहसँगको समन्वय र सहकार्य गरी मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम, निर्वाचन शिक्षा तथा मतदाता जागरण काम गरी सुसूचित मतदाता तयार गर्ने काम गर्दै निर्वाचनमा धेरैभन्दा धेरै मतदाताको सहभागिता गराउँदै बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने लक्ष्य लिइएको बताइन् । उक्त लक्ष्य प्राप्त गर्न आयोगले निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्यलाई उच्च प्राथमिकतामा राखेको उनले बताइन् ।

कार्यक्रममा आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचन सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि विषयमा प्रस्तुतीकरण गरेका थिए भने बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटासहित बारा, पर्सा र रौतहट जिल्लाका ४८ स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्ति सहभागी थिए ।

# खेलकूदको संसार

## विजेता खेलाडीलाई प्रतिव्यक्ति दुई लाख पुरस्कार दिने घोषणा

काठमाडौं, ११ फागुन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइसिसी विश्वकप लिग–२ का विजेता खेलाडीलाई प्रतिव्यक्ति रु दुई लाखका दरले पुरस्कार दिने घोषणा गरेका छन् ।

विजेता खेलाडीलाई प्रधानमन्त्री निवास बालुवाटार बोलाएर प्रधानमन्त्रीले बधाई दिनुका साथै पुरस्कारसमेत दिने घोषणा गरेका हुन् । खेलाडीलाई बधाई दिँदै प्रधानमन्त्रीले भने, "सर्वप्रथम इतिहास रच्नुभएकामा तपाईंहरूलाई बधाई छ । तपाईंहरूले नयाँ रेकर्ड बनाउनुभएको छ, इतिहास रच्नुभएको छ । चार खेलमा पूरै विजय हासिल गरेर क्लिन स्वीप गर्नुभएको छ, यो देशकै गौरव हो ।"


प्रम प्रचण्डसँग आइसिसी विश्वकप लिग–२ का विजेता खेलाडीहरू । तस्वीरः रासस

प्रधानमन्त्रीले भने, "तपाईंको कारण देशकै गौरव र प्रतिष्ठा बढेको छ । म सबै नेपालीको तर्फबाट तपाईंहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु । तपाईंहरूलाई फेरि पनि सफलता मिलोस् । आउने प्रतिस्पर्धाका लागि शुभकामना छ । तपाईंहरूलाई प्रेरणा मिलोस् भनेर मैले नेपाल सरकारको तर्फबाट प्रतिखेलाडी रु दुई लाख पुरस्कार दिने घोषणा गर्दछु ।"

"पहिला–पहिला खेल जीवनका लागि, अनुशासनका लागि भनिन्थ्यो, अहिले त्यस्तो छैन," प्रधानमन्त्रीले अगाडि भने, "अब खेल देशका लागि भएको छ, अर्थतन्त्रको उत्थानका लागि भएको छ, राष्ट्रिय प्रतिष्ठाका लागि भएको छ, कूटनीतिक उचाइका लागि पनि भएको छ । तसर्थ खेल क्षेत्रलाई सामान्य आँखाले हेर्नु देशकै लागि गलती हुन जान्छ ।"

सरकारमा हुँदा होस् वा नहुँदा होस्, आफू सधैँ खेलाडीको साथमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले खेल क्षेत्रका समस्या समाधान गर्न लगातार सहकार्य गरिरहेको बताए । प्रधानमन्त्रीले भने, "छोटो समयमै नेपाली क्रिकेटले जुन सफलता हासिल गरेको छ, त्यसले मलाई पनि राजनीतिमा प्रेरणा दिँदै आएको छ ।"

सो अवसरमा खेलाडीहरूले लिग चलिरहेकै बेला प्रधानमन्त्रीले आफूलाई हौसला दिएकामा धन्यवाद दिँदै नेपाली खेलाडीहरूले वास्तविक अभिभावक पाएको भन्दै खुशी व्यक्त गरेका थिए ।

# वीरगंजमा लामखुट्टे मार्ने औषधि छर्न शुरू

प्रस, वीरगंज, ११ फागुन/

वीरगंज महानगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि ३२ वटै वडामा एयर र पम्प स्प्रेबाट औषधि छर्न शुरू गरेको छ ।


तस्वीरः प्रतीक

बुधवार पहिलो दिन महानगरपालिकाको वडा नं १, २, ३ र ४ मा औषधि छरिएको महानगरको सरसफाइ व्यवस्थापन शाखा अधिकृत सर्फुद्दीन मियाँले बताए । फगिङ मेशिनबाट सडक तथा नालामा र फगिङ मेशिन पुग्न नसक्ने भित्री नालाहरूमा पम्प स्प्रेबाट औषधि छरिएको उनले बताए ।

बिहान १० बजेदेखि पम्प स्प्रेबाट नाला तथा पानी जमेका स्थानको खोजी गर्दै औषधि छर्न जनशक्ति परिचालन गरिएको सरसफाइ अधिकृत मियाँले बताए । एयर स्प्रेबाट बेलुका ५ बजेपछि औषधि छर्न थालिएको बताए । उनले चैत ६ गतेसम्म लामखुट्टे मार्ने औषधि छरिने बताए ।

लामखुट्टेको लाभ्रो मार्न बिहान र दिउँसो तीन चरणमा पम्प स्प्रे गर्ने र वयस्क लामखुट्टे मार्न बेलुकाको समयमा फगिङ मेशिनमार्फत दुई चरणमा एयर स्प्रे गर्ने तालिका रहेको उनले बताए ।

# महिलालाई सर्फ बनाउने तालीम शुरू


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ११ फागुन/

नेपाल सीप विकास परामर्श केन्द्र, वीरगंज–१३ को आयोजनामा बिहीवार वडा नं ५ मा महिलाहरूलाई सात दिने सर्फ बनाउने तालीम शुरू भएको छ ।

वडाध्यक्ष प्रदीपकुमार चौरसियाले तालीमको उद्घाटन गर्दै वडाका महिलाहरूलाई सीप सिकेर आय आर्जन गर्न सकून् भन्ने उद्देश्यले तालीम आयोजना गरिएको बताए । उनले तालीमबाट महिलाहरू आत्मनिर्भर हुने बताए । उद्घाटन कार्यक्रममा वडा सदस्य मनोज साह, मञ्जु ढकाल, वडासचिव अरुण बस्नेत र संस्थाका अध्यक्ष विपिन उपाध्यायलगायतको सहभागिता थियो ।

आजदेखि शुरू भएको तालीममा सो वडाका ३० जना महिलालाई प्रशिक्षक विनयराज घिमिरेले प्रशिक्षण दिइरहेको संस्थाका अध्यक्ष उपाध्यायले बताए ।

# सिम्रौनगढको अवलोकन भ्रमण

प्रस, सिम्रौनगढ, ११ फागुन/

केन्द्रीय समन्वय समितिका महासचिव अशोककुमार घिमिरे नेतृत्वको टोलीले बाराको प्रसिद्ध ऐतिहासिक तथा धार्मिक पर्यटकीयस्थल सिम्रौनगढको बिहीवार अवलोकन भ्रमण गरेको छ ।


तस्वीरः प्रतीक

टोलीले आज सिम्रौनगढस्थित कङ्काली मन्दिर, मान्सा राम समाधिस्थल, ढङेको चामल क्षेत्र, पुरातात्त्विक म्युजियमलगायतका स्थानको भ्रमण गरेको थियो ।

टोलीमा जिल्ला समन्वय समिति रसुवाका उपाध्यक्ष विजय लामा, सदस्यहरू हवाप्रसाद पोगिल, कार्तुक लामा तथा जिल्ला समन्वय समिति बाराका अध्यक्ष नरेन्द्र साह, उपाध्यक्ष चन्द्रिका उप्रेती, प्रभा देवीलगायत थिए ।

भ्रमण टोलीलाई नगरप्रमुख किशोरीप्रसाद कलवारले फूलमाला, अबिर र गम्छा ओढाएर नगरमा स्वागत गरेका थिए ।


## सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- यात्री, चालक र सहचालकले एकापसमा मर्यादित र शिष्ट व्यवहार गरौं ।
- सार्वजनिक यातायातका साधनमा हानिनोक्सानी नपुऱ्याऔं ।
- सवारीसाधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं ।
- सार्वजनिक यातायात सञ्चालनको समयतालिका सार्वजनिक गरी त्यसको पालना गरौं ।
- तोकिएको स्थानमा मात्र यात्री उकाल्ने र ओराल्ने गरौं ।
- आरक्षित सिटमा सम्बन्धित यात्रीलाई नै प्राथमिकता दिऔं ।
- ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



